# गल्कोट नगरपालिका

# राजस्व सुधार कार्ययोजना

## Revenue Improvement Action-Plan (RIAP)

## २०७९/८० - २०८१/८२

नगरकार्यपालिकाको कार्यालय

# बागलुङ
# गण्डकी प्रदेश नेपाल

| | |
|---|---|
| दस्तावेज/प्रतिवेदन | राजस्व सुधार कार्ययोजना तर्जुमा |
| प्रकाशक | गल्कोट नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>सम्पर्क नम्वर: ०६८-४१२१११<br>इमेल : galkotmunicipality@gmail.com |
| **सहयोगी संस्था :** | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा |
| **सहजीकरण संस्था :** | स्कोलर नेपाल, प्रा.लि., काठमाडौ<br>सम्पर्क नम्वर : ०१-५२६००३०<br>इमेल:scholar.nepal@hotmail.com |
| मिति | जेष्ठ, २०७९ |

# विषय सूची


| क्रसं. | शिर्षक | पेज नम्वर |
|---|---|---|
| १. | **परिच्छेद - एक : परिचय** | **५** |
| १.१. | पृष्ठभूमि | ५ |
| १.२. | आवश्यकता | ५ |
| १.३. | उद्देश्य | ६ |
| १.४. | विधि तथा प्रक्रिया | ७ |
| १.५. | सीमा | ९ |
| २. | **परिच्छेद - दुई : नगरपालिकाको वस्तुस्थिति** | **१०** |
| २.१. | भौगोलिक अवस्थिति | १० |
| २.२. | राजनीतिक र प्रशासनिक विभाजन | १० |
| २.३. | जनसांख्यिक विवरण | १० |
| २.४. | आर्थिक तथा सामाजिक अवस्था | ११ |
| २.५. | भौतिक पूर्वाधारहरुमा पहुँच | १३ |
| २.६. | राजस्व परिचालन सम्वन्धी विद्यमान अवस्था | १४ |
| २.७. | राजस्व परिचालन सम्वन्धी पालिकाको कानूनी तथा नीतिगत व्यवस्था | १६ |
| २.८. | आन्तरिक आय संकलन | १७ |
| २.९. | संगठनात्मक संरचना र जनशक्ति व्यवस्था | १८ |
| २.१०. | सम्भावना तथा चुनौतिहरु | २१ |
| ३. | **परिच्छेद - तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता** | **२२** |
| ३.१. | राजस्व अधिकार | २२ |
| ३.२. | आन्तरिक आयको विद्यमान अवस्था र सम्भाव्यता | २४ |
| ४. | **परिच्छेद - चार : राजस्व सुधार कार्ययोजना तर्जुमा** | **३०** |
| ४.१. | कर राजस्व सुधार योजना तर्जुमा | ३० |
| ४.२. | गैरकर राजस्व सुधार योजना तर्जुमा | ३३ |
| ४.३. | राजस्व प्रशासन सुधार योजना तर्जुमा | ३५ |
| ५. | **परिच्छेद - पाँच : त्रिवर्षिय राजस्व प्रक्षेपण** | **३८** |
| ५.१. | राजस्व प्रक्षेपणको आधार | ३८ |
| ५.२. | त्रिवर्षीय राजस्व प्रक्षेपण | ३९ |
| ६. | **परिच्छेद - छ : कार्यान्वयन, अनुगमन तथा मूल्यांकन** | **४१** |
| ६.१. | कार्ययोजना कार्यान्वयन | ४१ |
| ६.२. | कार्ययोजनाको अनुगमन तथा मूल्यांकन | ४१ |

# तालिका



| सि.नं. | शिर्षक | पेज नम्वर |
|---|---|---|
| १ | जनसंख्या विवरण | ११ |
| २ | कर राजस्वको परिचालनको अवस्था | १४ |
| ३ | गैरकर राजस्वको परिचालनको अवस्था | १५ |
| ४ | आन्तरिक आयको विवरण | १७ |
| ५ | स्थानीय तहको संवैधानिक अधिकार क्षेत्र | २२ |
| ६ | वित्तिय अधिकार क्षेत्र | २३ |
| ७ | सम्पत्ति कर दर | २५ |
| ८ | सम्पत्ति कर | २६ |
| ९ | घरबहाल कर | २६ |
| १० | व्यवसाय करको दररेट | २७ |
| ११ | कर राजस्व सुधार कार्ययोजना | ३२ |
| १२ | गैरकर राजस्व सुधार कार्ययोजना | ३४ |
| १३ | राजस्व प्रशासन सुधार कार्ययोजना | ३६ |
| १४ | राजस्व प्रक्षेपणका आधारहरु | ३८ |
| १५ | त्रिवर्षीय राजस्व प्रक्षेपण (आन्तरिक श्रोत) | ३९ |
| १६ | त्रिवर्षीय राजस्व प्रक्षेपण (बाह्य श्रोत) | ४० |
| १७ | त्रिवर्षीय राजस्व प्रक्षेपण (आन्तरिक र बाह्य श्रोत) | ४० |

# परिच्छेद - एक :
# परिचय

## १.१ पृष्ठभूमि

गल्कोट नगरपालिकाको राजस्व सुधार कार्ययोजना आगामी आर्थिक वर्ष २०७९/८० देखि २०८१/८२ का लागि तर्जुमा भएको छ । आन्तरिक राजस्व अभिवृद्धिका लागि तयार पारिएको यो कार्ययोजना राजस्व सुधार कार्ययोजना दिग्दर्शन २०७६ ले निर्धारण गरेको ढाँचा, विधि, प्रक्रियालाई पालना गरिएको छ । मुलत नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय तहका लागि व्यवस्था गरे वित्तीय अधिकार क्षेत्रका आधारमा त्रिवर्षीय कार्ययोजना तयार पारिएको छ । कार्ययोजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको वित्तीय नीति कार्यक्रम, लक्ष्य एवं उद्देश्यलाई मनन गरिएको छ र नगरपालिकाको आफ्नै आर्थिक ऐनर वित्तीय नीति कार्यक्रमलाई आधार मानिएको छ । राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा संघीय अवधारणा, वित्तीय विकेन्द्रीकरण, वित्तीय सुशासन, प्रगतिशील कर प्रणाली जस्ता पक्षहरुलाई आत्मसाथ गरिएको छ र राजस्वका क्षेत्र तथा दायराहरुलाई फराकिलो पार्दै न्यून कर दररेटमा जोड दिइएको छ । राजस्व प्रशासनलाई प्रभावकारी पार्दै छिटो प्रतिफल अर्थात पूँजी अभिवृद्धि हुने क्षेत्रहरुमा राजस्व परिचालन गर्ने नीति समेत पालिकाले अङ्गिकार गरेको छ ।

समग्र वित्तीय तथा राजस्व अवस्था सम्बन्धमा प्राप्त सूचना तथा तथ्यांकहरुको वस्तुनिष्ट अध्ययन, विश्लेषणको आधारमा पालिकाको राजस्व क्षेत्रका लागि लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम सहित तयार गरिएको त्रिवर्षीय राजस्व सुधार कार्ययोजना (२०७९/८०-२०८१/८२) नगरपालिकाको आन्तरिक राजस्व अभिबृद्धिका लागि एक महत्वपूर्ण र मार्गदर्शक दस्तावेज हुने बिश्वास गरिएको छ । गल्कोट नगरपालिकाले यसलाई क्रमशः कार्यान्वयनमा ल्याउने प्रतिवद्धता समेत जाहेर भएको छ ।

## १.२ आवश्यकता

क) **वढ्दो जनआकांक्षालाई सम्वोधन र परिपूर्ति गर्ने** :

स्थानीय तहका सरकार तथा जनप्रतिनिधिहरुलाई एकातिर चुनावमा गरिएका प्रतिवद्धताहरु पूरा गर्नुपर्ने छ भने अर्कोतर्फ नागरिकमा वढ्दो आवश्यकता, इच्छा र आकांक्षाहरुलाई सम्वोधन गर्नुपर्ने वाध्यता छ । न्यूनतम भौतिक एवं सामाजिक पूर्वाधारहरुको उपलव्धताका कारण जनजीवन असहज एवं कष्टपूर्ण रहेको सन्दर्भमा जनचाहना अभिवृद्धि हुनु स्वभाविकै मान्न पनि सकिन्छ । साथै आर्थिक सामाजिक समृद्धि, गरिवी न्यूनीकरण, पछ्यौटेपन एवं स्थानीय साधन श्रोतहरुको व्यवसायीकरणका लागि पनि जनप्रतिनिधिहरुमा ठूलो दवाव सिर्जना भएको छ । जनताको सवैभन्दा नजिकको सरकार स्थानीय तह भएकाले पनि जनताको विश्वास, भरोसा यसप्रति अधिक छ । तापनि विद्यमान अवस्थामा सीमित श्रोत साधनवाट उपरोक्त जनचाहनाहरु सहजै पूरा गर्न सक्ने सामर्थता स्थानीय तहसंग सीमित छ र जनताका अधिक अपेक्षाहरु पूरा गर्न दिगो र भरपर्दो राजस्व श्रोतको अपरिहार्य छ ।

ख) **संवैधानिक एवं कानूनी अधिकारको उपयोग गर्ने** :

नेपालको राज्य संरचना मुलत तीन तहको हुने व्यवस्था गरिएको छ र सोही अनुसार राज्यशक्तिको पनि वाँडफाँड गरिएको छ । राज्यशक्ति उपयोगका लागि तीनै तहका सरकारहरु आफैमा आर्थिक प्राविधिक सवै पक्षहरुमा मजवुत, सक्षम र सवल हुनुपर्ने व्यवस्था नेपालको संविधान २०७२ ले गरेको छ । परम्परागत ढंगवाट परिचालित हुँदै आएका स्थानीय तहमा व्यापक परिवर्तनको खाँचो छ र क्रमिक

रुपमा चुस्त प्रभावकारी र सवल स्थानीय सरकारको रुपमा विकास हुनुपर्ने भएको छ । संघ र प्रदेशवाट निकासा हुने अनुदानको आधारमा वार्षिक वजेट तर्जुमा र नीति कार्यक्रम सञ्चालन हुँदै आएका स्थानीय तहहरुले अवउप्रान्त सोको विपरित खर्चमा आधारित वजेट, श्रोतहरुको पहिचान र परिचालन गर्नुपर्ने भएको छ । यसै सिलसिलामा नेपालको संविधान २०७२, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत वित्त आयोग ऐन २०७४ वाट स्थानीय तहको वित्तीय अधिकार क्षेत्रहरु निर्धारण र त्यसको उपयोगको व्यवस्था गरिएको छ । सोहीमा आधारित भई स्थानीय तहले राजस्व परिचालन गर्नुपर्ने हुन्छ ।

ग) **स्थानीय साधन श्रोतवाट राजस्व अभिवृद्धि गर्ने** :

विकास निर्माणमा तिव्रता र स्थानीय सरकारको प्रभावकारीताका लागि राजस्व अभिवृद्धि गर्नुपर्ने अपरिहार्य छ । यससंग जनआकांक्षा र विकास निर्माण समेत जोडिएकोले राजस्व अभिवृद्धि एक अनिवार्य शर्त जस्तै छ । स्थानीय तह आफै सरकार भएकाले सरकार परिचालनका लागि पनि राजस्व अभिवृद्धि गर्नुपर्ने आवश्यकता अरु जरुरी छ । नेपालको संविधान र कानूनहरुले स्थानीय तहको वित्तीय अधिकार क्षेत्र निर्दिष्ट गरिदिएकाले सोही परिधिभित्र रही दिगो रुपमा राजस्व संकलन र परिचालनका क्षेत्रहरु पहिचान गर्नुपर्ने अभिभारा पनि स्थानीय तहकै छ । यस सन्दर्भमा राजस्व संकलनका लागि व्यवसाय कर, सेवा शुल्क, पर्यटन शुल्क, दण्ड जरिवना आदिको व्यवस्था कानूनमा छ । यसका अलवा राजस्व अभिवृद्धि तथा पूँजी निर्माण हुन सक्ने क्षेत्रहरु पहिचान गर्दै लगानी गरी श्रोतहरुको सदुपयोग गरी राजस्व अभिवृद्धि गर्नुपर्ने हुन्छ ।

घ) **राजस्व अभिवृद्धिका रणनीतिक कार्यक्रम तर्जुमा तथा आय प्रक्षेपण हुनेः**

स्थानीय तहको राजस्व संकलन, प्रशासनिक संयन्त्र, राजस्वका श्रोतहरुको विद्यमान अवस्था विश्लेषण गरी राजस्व अभिवृद्धिका लागि मध्यकालीन रणनीति, वार्षिक कार्यक्रम एवं सोका आधारमा आगामी वर्षहरुमा हुने आयको प्रक्षेपण समेत गरिने भएकाले एक निश्चित अवधि भित्र आर्जन हुन सक्ने राजस्वको विस्तृत खाका तयार हुनेछ । यसका लागि स्थानीय तहका जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि, पालिकाका पदाधिकारीहरु एवं सरोकारवालाहरुको प्रत्यक्ष र सक्रिय सहभागितामा तयार हुने भएकोले स्थानीयहरुकै आफ्नै अपनत्व सिर्जना गरी र कार्यपालिकाको नेतृत्वमा तयारी कार्ययोजनालाई कार्यान्वयन ल्याउनेछ ।

## १.३ उद्देश्य

गल्कोट नगरपालिकाको विद्यमान आन्तरिक आयको समीक्षा गर्दै राजस्व अभिवृद्धिका लागि दिगो र भरपर्दो स्रोतहरु पहिचान, विश्लेषण र राजस्व प्रशासनलाई प्रभावकारी वनाउन वित्तीय नीति तथा कार्यक्रम तर्जुमा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यसका साथै राजस्व सुधार कार्ययोजना तर्जुमाका अन्य सहायक उद्देश्यहरु निम्न अनुसार छ ।

क) राजस्व सुधारका सम्वन्धमा नेपाल संविधान एवं विभिन्न ऐन, नियमहरुमा व्यवस्था गरिएका वित्तीय अधिकार, कार्यक्षेत्र एवं राजस्व सुधारको आवश्यकता र महत्वका वारेमा पालिकाका पदाधिकारी, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने ।

ख) नगरपालिकाको विद्यमान राजस्व नीति, कार्यक्रम, आर्थिक ऐन, करको दररेट, राजस्व सङ्कलन, संगठनात्मक संरचना, आय श्रोतहरुको सम्भावना र यथार्थ सङ्कलनको फरक पहिचान, समीक्षा, विश्लेषण गर्ने ।

ग) आन्तरिक श्रोतहरुको अवस्था विश्लेषण गरी राजस्व सुधार कार्ययोजना सहित आगामी तीन वर्षका लागि आय प्रक्षेपण गर्ने ।

घ) आन्तरिक श्रोत अभिवृद्धिका लागि नगरपालिकाको वित्तीय रणनीति एवं कार्यक्रमहरु तर्जुमा गर्ने ।

## १.४ विधि तथा प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि निम्नानुसारका विधि र प्रक्रियाहरु अवलम्वन गरिएको थियो ।

### क) पहिलो चरण : सन्दर्भ सामग्रीहरुको अध्ययन

अध्ययन कार्यको पहिलो चरणमा स्थानीय तहको वित्तीय क्षेत्रसंग सम्वन्धित सन्दर्भ सामाग्रीहरुको संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा संकलित एवं अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामग्रीहरुमा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४, नगरपालिकाको वस्तुगत विवरण (पार्श्वचित्र), नगरपाालिकाको नीति कार्यक्रम तथा बजेट, पालिकाको आर्थिक ऐन, परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरुले निष्कासन गरेको कार्यविधि, दिग्दर्शन, एवं नमूना ऐन कानुनहरु, प्रदेश वित्त व्यवस्थापन ऐन २०७४, प्रदेशको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७४, प्रदेशको ढुङ्गा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ सङ्कलन उत्खनन कार्यविधि २०७५ रहेका थिए ।

### ख) दोश्रो चरण : प्रश्नावली तथा फारम विकास

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि प्रारम्भिक एवं दोश्रो तहवाट सूचना तथा तथ्याङ्क संकलनका लागि फारम तथा प्रश्नावलीहरु विकास गरिएको थियो । फारममा करदाता, सरोकारवाला एवं पालिकाको राजस्वसंग सम्वन्धित विविध पक्षहरु समेटिएको छ । यसरी तयार पारिएको फारमको नमूना यसै प्रतिवेदनको अनुसूचीमा उल्लेख गरिएको छ ।

### ग) तेश्रो चरण : अभिमुखीकरण तथा राजस्व सुधार योजना तर्जुमा कार्यशाला

राजस्व सुधार कार्ययोजना तर्जुमाको सिलसिलामा नगरपालिकामा एक दिने अभिमुखीकरण तथा कार्यशाला कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा नगरपालिकाका नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, पालिकाका पदाधिकारी एवं सदस्यहरु, राजस्व परामर्श समितिका सदस्य लगायत शाखा प्रमुखहरु एवं अन्य कर्मचारीहरुको सहभागितामा रहेको थियो । कार्यक्रममा राजस्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी विधि, प्रक्रिया, नगरपालिकाको राजस्वको दररेट, शुल्क, दस्तुरका वारेमा प्रस्तुति भएको थियो भने स्थानीय तहको वित्तीय अधिकार क्षेत्रहरु, पालिकाले अभ्यासमा ल्याएका राजस्वहरु एवं राजस्व प्रशासन सम्वन्धी विषयमा पनि प्रस्तुतीकरण भई व्यापक छलफल भएको थियो । यसरी आयेजित कार्यशाल गोष्ठी विशेष गरी निम्न चार क्षेत्रमा केन्द्रीत रहेको थियो ।

- शिर्षकगत राजस्वका दररेट, दायर तथा प्रक्षेपण
- कर राजस्व सुधार योजना

- गैरकर राजस्व सुधार योजना
- राजस्व प्रशासन विशेषगरी अभिलेखीकरण, संकलन, संगठनात्मक संरचना र समन्वय

**घ) चौथौ चरण : सूचना संकलन तथा विश्लेषण**

अध्ययनका लागि नगरपालिकाका शाखाहरु, सरोकारवाला पक्षहरुसँग समन्वय गरी राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि आवश्यक सूचनाहरु संकलन गरिएको थियो । यसका साथसाथै नगरपालिकाका प्रकाशनहरु वार्षिक वजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐन, राजस्व सम्वन्धी कानूनहरु, प्रगति विवरण लगायतका अध्ययन प्रतिवेदनहरुवाट तथ्यांक संकलन भएको थियो । तथ्यांकहरु मूलत निम्न क्षेत्रमा केन्द्रीत भई संकलन भएको थियो ।

- राजस्व प्रशासनको वर्तमान अवस्था
- राजस्व परिचालनका लागि अवलम्वन गरिएका नीतिगत व्यवस्थाहरु
- विगत वर्षहरुमा संकलन भएको राजस्व सम्वन्धी यथार्थ विवरणहरु
- राजस्व संकलन हुनसक्ने सम्भावित नयाँ क्षेत्रहरु




**ङ) पाँचौ चरण : राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण**

कार्ययोजना तर्जुमा कार्यशालावाट प्राप्त मस्यौदालाई थप छलफल, सुझावका आधारमा परिष्कृत गर्दै आवश्यक परिमार्जन गरिएको थियो । त्यसैगरी विगत वर्षहरुको यथार्थ आय विवरणका आधारमा आगामी ३ वर्षका लागि वजेट प्रक्षेपण गरिएको थियो । प्रक्षेपणको क्रममा राजस्व सम्भाव्यताका आधारमा नयाँक्षेत्रहरुको समेत राजस्व प्रक्षेपण भएको थियो । प्रक्षेपण गर्दा मुलत विद्यमान अवस्थामा प्राप्त भएको राजस्व, दायरा विस्तारको अवस्था, विगतको भएको राजस्व वृद्धिदर, अनुमान एवं विभिन्न पक्षहरुसंग भएको संझौतालाई आधार मानिएको थियो ।

**च) छैटौ चरण : मस्यौदा प्रतिवेदन तयारी**

राजस्वको विद्यमान अवस्था, सम्भावनाहरुको विश्लेषण, राजस्व सुधारका क्षेत्रहरुको पहिचान गर्दै राजस्व अभिवृद्धिका क्रियाकलापहरु सहित कार्यान्वयनका लागि कार्ययोजना सहितको मस्यौदा प्रतिवेदन लेखन कार्य भएको थियो । मस्यौदा प्रतिवेदनमा प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई तथ्याङ्कीय औजारहरु तथा विधि तथा सूत्रहरुको प्रयोग गरी विश्लेषण गरी तयार पारिएको थियो । विशलेषण भएका तथ्यहरुलाई

तालिका, ग्राफचित्र जस्ता विधिहरुबाट प्रस्तुत गर्दै राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार पार्दै नगरपालिका समक्ष पेश गरिएको थियो ।

**छ) अन्तिम प्रतिवेदन स्वीकृती र प्रकाशन**

मस्यौदा प्रतिवेदन वारे नगरपालिका एव सरोकारवाला सम्वन्धित सवै पक्षहरुको सुझावहरु संकलन, मस्यौदा प्रतिवेदनमा छुटेका पक्षहरु थप्दै, तथ्यांकीय कमि कमजोरीहरु सच्याउदै प्रतिवेदनलाई आवश्यक परिमार्जन गरी राजस्व सुधार कार्ययोजना तर्जुमाको अन्तिम प्रतिवेदन तयार परिएको थियो ।

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन विभिन्न ६ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा परिचय रहेको छ । यसमा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने क्रममा अवलम्वन गरिएका विधि, प्रक्रिया, उद्देश्य एवं राजस्व सुधार कार्ययोजनाको औचित्य वारे उल्लेख गरिएको छ भने परिच्छेद २ मा पालिकाको वस्तुस्थिति संक्षिप्त रुपमा खासगरी नगरपालिकाको भौगोलिक अवस्थिति, सामाजिक आर्थिक अवस्था, राजस्व परिचालनका सन्दर्भमा राजस्वको सम्भावना, संगठनात्मक संरचना, जनशक्तिको व्यवस्था, र आन्तरिक आयको अवस्थाका वारेमा उल्लेख भएको छ । त्यसैगरी परिच्छेद ३ मा स्थानीय तहलाई संवैधानिक एवं कानूनी आधारमा वित्तीय अधिकारको व्यवस्था वारे उल्लेख भएको छ र परिच्छेद ४ मा राजस्व सुधार योजना तर्जुमा उल्लेख भएको छ । परिच्छेद ५ मा आगामी ३ वर्षका लागि राजस्व प्रक्षेपण गरिएको छ भने परिच्छेद ६ मा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुपर्ने पक्षहरु उल्लेख गरिएको छ । उपरोक्त पक्षहरुका साथसाथै अनुसूचीहरुमा खासगरी सूचना संकलन गर्दाका खाकाहरु उल्लेख गरिएको छ ।

## १.५ सीमा

राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक भएता पनि सीमित श्रोत साधन, विगतका वर्षहरूका सूचनाहरुको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका छन् :

क) प्रतिवेदन मूलत कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्धितीय श्रोतहरूबाट प्राप्त तथ्यांक तथा सूचनाहरूको आधारमा तयार पारिएको छ ।

ख) नगरपालिकाको आन्तरिक आय तथा श्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्यांक संकलन फारम अनुसार प्राप्त तथ्यांकहरु विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।

ग) नगरपालिकामा भएको अभिलेख एवं छलफलबाट प्राप्त सूचनाको आधारमा आयश्रोतहरुको पहिचान तथा सम्भाव्यता अभ्ययन भएको छ । पालिकाको विगतका आर्थिक वर्षहरुमा भएको यथार्थ आय विवरण, आय वृद्धि, कर तथा गैरकर राजस्व वृद्धिदर, अनुमानका आधारमा राजस्व प्रक्षेपण गरिएको छ ।

घ) नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, सेवामा हुने वृद्धि र नागरीक सन्तुष्टिमा हुने वृद्धि आदि पक्षहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि त्यस्ता पक्षहरुसंग सम्वन्ध राख्नेहरुको तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा समावेश गर्न सकिएको छैन ।

ङ) स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद - दुई :
# नगरपालिकाको वस्तुस्थिति

## २.१ भौगोलिक अवस्थिति

विश्वमान चित्रमा गल्कोट नगरपालिका २८ डिग्री ९ मिनेट ४६ सेकेण्ड देखि २८ डिग्री २० मिनेट १९ सेकेण्ड उत्तरी अक्षांश र ८३ डिग्री १७ मिनेट २ सेकेण्ड देखि ८३ डिग्री ३० मिनेट ४७ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ । गल्कोट नगरपालिका सामुन्द्रिक सतह देखि ७६१ मिटर उचाइको वडा नं. ११ को दरमखोला तटीय क्षेत्र देखि ३१६७.७८ मिटरको बाग्लुङ जिल्लाकै अग्लो पहाड घुम्टे धुरीसम्मको उचाइमा अवस्थित छ । कूल १९४.३९ वर्ग किमिमा फैलिएको यस नगरपालिकाको कृषियोग्य भूमि ५३.८४ वर्ग किमि अर्थात कूल भूमिको २७.७ प्रतिशत मात्रै छ । त्यसैगरी वनले करीव ६३.२ प्रतिशत अर्थात १२२.९२ वर्ग किमि क्षेत्र ओगटेको छ । यसमा झाडीले ओगटेको क्षेत्र १०.१६ वर्ग किमि र घाँसे भूमिले ढाकेको क्षेत्र ५.८५ वर्ग किमि समेत जोड्दा वन तथा झाडीको क्षेत्र सवैभन्दा ठूलो हुने देखिन्छ । १.६३ वर्ग किमि क्षेत्रमा नदी खोला, वगर आदि पर्दछन ।

## २.२ राजनीतिक र प्रशासनिक विभाजन

राज्यशक्ति पुनर्संरचना गर्ने क्रममा साविक दुधिलाभाटी, नरेठाँटी, हटिया, हरिचौर, मल्म, काँडेवास, पाण्डवखानी र रिघा गाविसलाई समावेश गरी गल्कोट नगरपालिका वि.सं. २०७३ साल फागुन २३ गते स्थापना भएको हो । पूर्वतर्फ काठेखोला गाउँपालिका तथा जैमनी नगरपालिका पर्ने यस गल्कोट नगरपालिकाको पश्चिमतर्फ वडीगाड गाउँपालिका पर्दछ । दक्षिणमा बरेङ्ग गाउँपालिका, गुल्मी जिल्लाको मुसिकोट नगरपालिका र चन्द्रकोट गाउँपालिका रहेको यस नगरपालिकाको उत्तरतर्फ ताराखोला गाउँपालिका अवस्थित छ । बाग्लुङ बजारवाट पश्चिम तर्फ करीव ५१ किमि टाढा पर्दछ भने प्रदेश राजधानी पोखरावाट १२३ किमि र लुम्विनी प्रदेशको बुटवलवाट १४१.८ किमि टाढा पर्दछ । मध्य पहाडी लोकमार्ग यसै नगरपालिका हुँदै ढोरपाटन नगरपालिका वुर्तिवाङ जान सकिन्छ । प्रतिनिधि सभा सदस्यका लागि तय गरिएका बाग्लुङ जिल्लाका २ वटा निर्वाचन क्षेत्र मध्ये निर्वाचन क्षेत्र नं २ र प्रदेश सभा सदस्यका लागि निर्वाचन क्षेत्र २ (क) अन्तर्गतयो नगरपालिका पर्दछ । कूल ११ वटा वडाहरुयस नगरपालिकामा रहेका छन ।




## २.३ जनसांख्यिक विवरण

गल्कोट नगरपालिकाको जनसख्या घरपरिवार सर्वेक्षण २०७६ अनुसार कुल जनसंख्या ३९२७७ रहेको छ । यसमा महिलाको जनसंख्या १९२८० र पुरुषको संख्या १९९९७ रहेको छ । नगरपालिका क्षेत्रमा घरधुरी संख्या ६८६३ रहेको छ । लैङ्गिक अनुपात १०४.३५ रहेको यस नगरपालिकामा घरपरिवार संख्या औषतमा ५.७६ जना छन । वडागत जनसंख्याको हेर्दा सबैभन्दा अधिक जनसंख्या रहेको वडाहरुमा वडा नं. ३ पर्दछ जसमा ५०२५ जनसंख्याको वसोवास रहेको पाइन्छ भने सबैभन्दा न्यूनमा पार्ने वडाहरुमा वडा नं. ९रहेको छ । कूल २४३१ जनाको वसोवास यस वडामा रहेको देखिन्छ ।

गल्कोट नगरपालिकामा हिन्दु धर्मालम्वीहरुकै वाहुल्यता पाइन्छ । करीव ९८.४७ प्रतिशत रहेको यस धर्मालम्वी पछिको करीव ०.९८ प्रतिशत जनसंख्या वौद्ध धर्ममा आस्था राख्नेहरुको वसोवास पाइन्छ । इस्लाम ०.२८ र इसाइ करीव ०.२६ प्रतिशतको वसोवास यस क्षेत्रमा पाइन्छ । त्यसैगरी जातजातिको हिसाववाट पहाडी व्राह्मण र क्षेत्री कै वाहुल्यता अधिक पाइन्छ । यिनीहरुको जनसंख्या करीव ४५.५० प्रतिशत छ भने यसपछिको अधिक जनसंख्या आदिवासीहरुको रहेको छ करीव २७.६५ प्रतिशत । करीव २४.४५ प्रतिशत जनसंख्या पहाडी दलितहरुको रहेको यस क्षेत्रमा तराइ दलितको संख्या ज्यादै न्यून करीव ०.०२ प्रतिशत र मुस्लिमहरुको जनसंख्या करीव ०.२९ प्रतिशत रहेको छ ।

तालिका नम्वर १
जनसख्या विवरण

| वडा नम्वर | घर परिवार संख्या | जम्मा जनसंख्या | क्षेत्रफल वर्ग किमि |
|---|---|---|---|
| १ | ८५३ | ४५५४ | २२.८८ |
| २ | ६३७ | ३५७४ | ८.४९ |
| ३ | ८७३ | ५०२५ | १३.५१ |
| ४ | ५३५ | ३२८७ | १२.७ |
| ५ | ६५४ | ३५२७ | १७.८८ |
| ६ | ५४८ | २९९९ | ९.१९ |
| ७ | ४५९ | २६८३ | ९.२२ |
| ८ | ४४३ | २७५६ | १४.१७ |
| ९ | ४३२ | २४३१ | १०.४७ |
| १० | ५६२ | ३४९३ | ५७.५८ |
| ११ | ८६४ | ४९४८ | १८.३ |
| जम्मा | ६८६३ | ३९२७७ | १९४.३९ |

श्रोत: घरपरिवार सर्वेक्षण, २०७६

## २.४ आर्थिक तथा सामाजिक अवस्था

**क) आर्थिक अवस्था** :गल्कोट नगरपालिकाको रोजगारी, कृषि, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, पर्यटन, बैंक तथा वित्तिय संस्था, आयात निर्यात जस्ता विषयको वर्तमान अवस्थासम्बन्धी विवरणलाई प्रस्तुत गरिएको छ । प्रमुख पेशा र प्राविधिक तथा विशेष दक्षता भएका व्यक्तिको विवरण अनुसार गल्कोट नगरपालिकाको १० वर्ष माथिको जनसंख्यालाई प्रमुख पेशाका आधारमा वर्गिकरण गर्दा सबैभन्दा उच्च १८.०८ प्रतिशत जनसंख्याको पेशा अध्ययन (विद्यार्थी) रहेको देखिन्छ । वैदेशिक रोजगारी र कृषिलाई प्रमुख पेशाका रूपमा अवलम्बन गर्ने जनसंख्या क्रमश: १६.२९ र १३.५४ प्रतिशत रहेको छ । अन्य पेशाको अवस्था हेर्दा गृहिणी १३.७१ प्रतिशत, नोकरी ४.५५ प्रतिशत, उद्योग व्यापार २.५८ प्रतिशत, ज्याला मजदुरी ६.२८ प्रतिशत जनसंख्याले अवलम्बन गरेको देखिन्छ । नगरपालिका क्षेत्रभित्र ४.२४ प्रतिशत जनसंख्या बेरोजगार रहेको छ । पछिल्लो समय रोजगारीमा गैर कृषि क्षेत्रतर्फ आकर्षण रहेको यस क्षेत्रमा बैदेशिक रोजगारीलाई पेशाको रूपमा अवलम्बन गर्नेको जनसंख्या अत्यधिक रूपमा बढी रहेको देखिन्छ ।

- **पर्यटकीय क्षेत्र**:गल्कोट नगरपालिकामा ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक तथा भौगोलिक रूपमा महत्व रहेका प्रशस्त सम्पदाहरू रहेको छ । यस क्षेत्रमा हालसम्म आन्तरिक पर्यटन नै प्रमुख रूपमा अभ्यासमा रहेको छ । नगरपालिका क्षेत्रमा घुम्टे लेक, टेउवा खुला मुर्तीकला संग्राहलय, भ्यू टावर, गल्कोट दरवार, कालिलेक, गल्कोट मन्दिर, सहश्रधारा झरना तथा चमेरे गुफा लगायत धार्मिक, ऐतिहासिक र प्राकृतिक रूपले उत्कृष्ट ५२ वटा पर्यटकीय क्षेत्रहरू रहेका छन् । यस क्षेत्रमा अनुमानित पर्यटकको आगमन ४०९२० रहेको छ ।

- **उद्योग व्यापार**:गल्कोट नगर कार्यपालिका कार्यालयमाउद्योगको अवस्था हेर्दा हाल १८ वटा साना र ४ वटा घरेलु गरी कुल २२ वटा उद्योग सञ्चालनमा रहेका छन नगर कार्यपालिका कार्यालयमा दर्ता भएका उद्योग तथा व्यवसायको कुल संख्या ८३७ रहेको छ । उद्योग तथा व्यवसायबाट रु. ६२ करोड ५९ लाख ४० हजार बरावरको वार्षिक कारोवार हुने गरेको छ । व्यवसायहरू मध्येसबैभन्दा उच्च संख्यामा २०६ वटा किराना पसल रहेका छन् । अन्य व्यवसायहरू मध्ये कृषि तथा पशुपालन फर्मको संख्या १५०, कपडा

तथा फेन्सी पसल ८०, होटल तथा रेष्टुरेण्ट ४१, हार्डवयर निर्माण सामाग्री पसल २७ रहेको छ । वडागत रूपमा हेर्दा वडा नं ३ मा सबैभन्दा उच्च संख्यामा ३०६ वटा उद्योग तथा व्यवसायिक फर्महरू रहेका छन् भने वडा नं. १० मा सबैभन्दा न्यून संख्यामा ३६ वटा व्यवसायिक फर्महरू रहेको देखिन्छ । फर्महरू मध्ये ६ वटा मात्र साझेदारी फर्महरू रहेका छन् भने बाँकी सबै निजी फर्महरू रहेका छन् । नगरपालिकामा सञ्चालित उद्योगमा ३ महिला र ८७ पुरुष गरी जम्मा ९० जनाले प्रत्यक्ष रोजगारी पाएको संस्थागत सर्वेक्षण २०७६ अनुसार देखिन्छ ।

- **वित्तीय संस्था** : नगरपालिका क्षेत्र भित्र ४ वटा वाणिज्य बैंक, एउटा विकास बैंक र ११ वटा लघु वित्त संस्था रहेका छन ्। यस्ता संस्थाहरूबाट वार्षिकरूपमा करिब २ अरव भन्दा बढीको कारोवार र १ अरव भन्दा बढी लगानी हुने गरेको देखिन्छ । यी संस्थाहरूबाट मुख्यतया कृषि र व्यापार तथा व्यसायमा लगानी हुने गरेको छ ।गल्कोट क्षेत्रमा ६१ वटा सहकारी संस्था रहेका छन ्। जसमध्ये वडा नं. ३ मा सबैभन्दा उच्च संख्यमा १२ वटा र वडा नं. ४ मा सबैभन्दा न्यून संख्यामा २ वटा मात्र सहकारी संस्था रहेका छन्। यस क्षेत्रभित्र ३ वटा (सिवाइसि बचत तथा ऋण सहकारी, इमेज बचत तथा ऋण सहकारी र सिटी बचत तथा ऋण सहकारी) सहकारीका सदस्य सेवा केन्द्र समेत रहेका छन् ।

**ख) सामाजिक अवस्था :**

- **जातजाती** :गल्कोट नगरपालिकामा सबैभन्दा उच्च जनसंख्या पहाडी क्षेत्री तथा ब्राह्मणको जनसंख्या ४६.५ प्रतिशत रहेको छ । पहाडी आदिवासी तथा जनजाति २७.६५ प्रतिशत र पहाडी दलितको जनसंख्या २५.४६ प्रतिशत रहेको देखिन्छ । अन्य समुदायको जनसंख्या करिव १ प्रतिशत भन्दा पनि कम रहेको छ । पहाडी ब्राह्मण क्षेत्री तथा पहाडी दलित समुदायको सबै वडामा बसोवास रहेता पनि पहाडी आदिवासी जनजातिको वसोवास वडा नं. ४ मा रहेको देखिदैन ।गल्कोट नगरपालिकामा हिन्दु धर्मालम्बीको वाहुल्यता तथा बौद्ध धर्मालम्बीसहितको मिश्रित बसोवास रहेको यस क्षेत्रमा हिन्दु तथा जनजाति संस्कृति बीचको युगौं पुरानो सहिष्णुतायुक्त सम्बन्ध रहेको छ । चाडपर्वका सन्दर्भमा मुख्यतया दशैं, तिहार, माघे सक्रान्ती, शिवरात्री, श्री कृष्ण जन्माष्टमी, बैशाखे पुर्णिमा, हरेलो र होली मनाउने गरिन्छ । भाषिक रूपमा नेपाली भाषा नै बोलिचालीको भाषाका रूपमा प्रचलनमा रहेको छ । परम्परागत रूपमा खस आर्य तथा दलित समुदायका पुरुषहरूमा दौरा सुरवाल, कोट र टोपी तथा महिलामा सारी वा गुन्यु, चोलो र पटुका लगाउने प्रचालन रहेको छ । मगर, गुरुङ्ग तथा थकाली समुदायमा आआफ्नै मौलिकभेषभुषा, खानपान र चालचलन रहेको छ । तथापि, आधुनिक भेषभुषा, खानपान र चालचलनमा आधुनिकताको प्रभाव बढ्दै गएको देखिन्छ ।

- **कला, संस्कृति** : गल्कोटनगरपालिका सांस्कृतिक विविधता भएको नगरपालिका भित्र पर्दछ । यस क्षेत्रमा मनाइने चाडपर्वहरूमा दशै, तिहार, तीज, शिवरात्री, जन्माष्टमी, चैते दशैं, बैशाखे पुर्णिमा, होली, हरेलो, माघे सक्रान्ती, साउने सक्रान्ती मुख्य रूपमा पर्दछन्।
- **शिक्षा** : गल्कोट नगरपालिका क्षेत्र भित्र ४३ प्रारम्भिक बाल विकास केन्द्र, ८१ वटा विद्यालय र एउटा क्याम्पस सञ्चालनमा रहेका छन्। विद्यालय मध्ये ६९ वटा सामुदायिक विद्यालय, १० संस्थागत विद्यालय, एउटा संस्कृत विद्यालय र एउटा मदरसा रहेका छन् । तहगत रूपामा हेर्दा आधारभूत तहसम्म पठन पाठन हुने ५९ वटा, माध्यमिक तहसम्मको पठन पाठन हुने २२ वटा, प्रारम्भिक बाल विकास केन्द्र४६ वटा रहेका छन्। यस क्षेत्रमा स्नातक तहसम्मको पठन पाठन हुने एउटा क्याम्पस रहेको छ । प्रारम्भिक बाल विकास केन्द्र मध्ये विद्यालयमा रहेका २७ वटा तथा समुदायमा आधारित १९ वटा रहेका छन्। विद्यालयहरू मध्ये २ कक्षा सम्म पढाइ हुने १ तथा कक्षा ४ सम्म पढाइ हुने २ वटा रहेका छन् ।गल्कोट

नगरपालिकामा साक्षरता दर ९०.१७ प्रतिशत (५ वर्ष माथिको जनसंख्याको) रहेको छ । जसमध्ये पुरुष साक्षरता प्रतिशत ९४.३८ रहेको छ भने महिला साक्षरता ८५.८७ प्रतिशत रहेको छ ।

- **स्वास्थ्य सेवा** : नगरपालिका क्षेत्रमा निजी क्षेत्रबाट सञ्चालित ३ वटा अस्पताल, १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ७ वटा स्वास्थ्य चौकी र २ वटा सामुदायिक स्वास्थ्य इकाई गरी कुल १३ स्वास्थ्य संस्था रहेका छन् । सरकारी र सामुदायिक स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीको स्वीकृत दरवन्दी कुल ५८ रहेकोमा हाल ५२ मात्र कार्यरत रहेका छन्। निजी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको संख्या ३६ रहेको छ । स्वास्थ्य संस्थाहरूमा कुल ५८ शैया रहेको छ । जम्मा ६ वटा स्वास्थ्य संस्थामा प्रसुति सेवा, ४ वटा स्वास्थ्य संस्थामा ल्याव सेवा, २ वटा अस्पतालमा क्लिनिक सेवा ३ वटा स्वास्थ्य संस्थामा एक्सरे सेवा, १२ वटा स्वास्थ्य संस्थामा परिवार नियोजन सेवा र ११ वटा स्वास्थ्य संस्थामा खोप सेवा उपलब्ध रहेको छ ।
- **खानेपानी सेवा:** यस गल्कोटनगरपालिकामा क्षेत्रमा पाइप धाराको पानी नै खानेपानीको श्रोतको रूपमा रहेको देखिन्छ । सार्वजनिक धाराको पानीको उपयोग गर्ने घरपरिवार संख्या ७१.८८ प्रतिशत रहेको छ भने निजी धाराबाट खानेपानी उपयोग गर्ने घरपरिवार संख्या २७.४२ प्रतिशत रहेको छ । कुवा वा मूलबाट नै खानेपानी उपयोग गर्ने घरपरिवार संख्या ०.६८ प्रतिशत रहेको छ ।वडा नं. ३ मा १ परिवारले खोलाको पानी खाने गरेको देखिन्छ ।
- **खाना पकाउने इन्धन** : खाना पकाउन उपयोग गर्ने इन्धनको प्रमुख श्रोतका रूपमा यस क्षेत्रमा दाउराको उपयोग सबैभन्दा अधिक ८६.३८ प्रतिशत घरपरिवारले गर्ने गरेको देखिन्छ । वैकल्पिक रूपमा एलपी ग्यास उपयोग गर्ने घरपरिवार संख्या १३.६२ प्रतिशतले रहेको छ ।
- **शौचालय** : गल्कोट नगरपालिका क्षेत्रका कुल परिवार मध्ये ९९.४४ प्रतिशत घरपरिवारमा शौचालय रहेको छ । जसमध्ये ९२.२३ प्रतिशत घरपरिवारमा सामान्य शौचालय रहेको छ भने ७.१३ प्रतिशत घरपरिवारमा घरभित्रै शौचालय रहेको छ । वडागत रूपमा हेर्दा वडा नं. २, ५, ६, ८ र ९ का सबै घरपरिवारमा शौचालय रहेको छ भने अन्य वडाका केही घरपरिवारमा मात्र शौचालय नभएको देखिन्छ ।सार्वजनिक शौचालयको अवस्थालाई हेर्दा गल्कोट नगरपालिकाको वडा नं. १ को कटौजे, वडा नं. ३ को खसगाउँ चियाँ चौतारा, वडा कार्यालय परिसर, जिप पार्क, वडा नं ५ को टेउवा, सिमलवोट, सर्दाखेत, सहिद थिरवम पार्क र वडा नं. ११ को ठूला चौर, राङ्खानी र सानो रिघा क्षेत्रमा सार्वजनिक शौचालय रहेको देखिन्छ ।

- **वसाइ सराइ** :गलकोट नगरपालिकाको वस्तु स्थिति विवरण २०७६ अनुसार यस नगरपालिकामाजनसंख्याको बसोबासको स्थिति हेर्दा कुल जनसंख्याको ७२.४५ प्रतिशत जनसंख्या गणना गरेको स्थानमा बसोबास गरेको ८.६९ प्रतिशत स्वदेशका अन्य स्थानमा बसोबास गरेको र १८.८६ प्रतिशत जनसंख्या विदेशमा रहेको देखिन्छ ।

## २.५ भौतिक पूर्वाधारमा पहुँचः

- **सडक यातायात** : सडक मार्ग/सञ्जालको विद्यमान अवस्था नगरपालिका भित्र हाल रहेका ९५ वटा सडकको कुल लम्वाई करिव ५०० किलोमिटर रहेको छ । जसमध्ये २० किलोमिटर कालो पत्रे, ३.५ ग्राभेल र ४७७ कच्ची सडक रहेको छ । सबै सडकबाट करिब ८६००० जनसंख्या प्रत्यक्ष लाभान्वित भएको देखिन्छ । गल्कोट नगरपालिकाका विभिन्न क्षेत्रबाट नगर भित्रका क्षेत्रका अतिरिक्त काठमाण्डौं, पोखरा, नारायणगढ, बाग्लुङ, बुटवल, वुर्तिवाङ्ग रुटमा बस, जिप तथा माइक्रोवस सञ्चालन हुने गरेका छन् । स्थानीय रुटमा यात्रुको माग अनुसार पनि सञ्चालन हुने गरेका छन् भने जिल्ला बाहिरको रुटमा निश्चित समयमा सञ्चालन हुने गरेको देखिन्छ ।
- **संचार सेवा** : आधुनिक सुविधामा पहुँचको अवस्था हेर्दा प्रायः सबैजसो घरपरिवारमा मोवाइल अथवा टेलिफोन सुविधा उपलब्ध रहेको देखिन्छ । मोवाइल सुविधामा प्रत्यक्ष पहुँच रहेको घरपरिवार संख्या

९८.०८ प्रतिशत रहेको छ। टेलिभिजन हुने घरपरिवार संख्या ७०.७७ प्रतिशत र रेडियो उपयोग गर्ने घरपरिवार संख्या ३२.७७ प्रतिशत रहको छ ।

- **विद्युत सेवा** :गल्कोट नगरपालिका क्षेत्रमा वत्तीको प्रमुख श्रोतको रूपमा विद्युत रहेको छ । विद्युतलाई बत्तीको प्रमुख श्रोतका रूपमा उपयोग गर्ने ९९.६२ प्रतिशत रहेको देखिन्छ । यस बाहेक अन्य श्रोतलाई बत्तीको प्रमुख श्रोतका रूपमा उपयोग गर्ने घरपरिवारमध्ये मट्टितेल प्रयोग गर्ने संख्या .३६ प्रतिशत मात्र रहेको छ भने वडा नं. ११ मा १ घरपरिवारले सोलार वत्ती उपयोग गरेको देखिन्छ ।

**निजी घर तथा भवन**: यस नगरपालिका क्षेत्रमा आवास माथिको स्वामित्वको अवस्था हेर्दा निजी वा आफ्नै घर हुने ८८.९४ प्रतिशत, भाडामा बसोवास गर्ने ९.३१ प्रतिशत, संस्थागत वसोवास हुने ४ परिवार र अन्य खालको आवासिय स्वामित्व रहेका १६६ घरपरिवार रहेको देखिन्छ ।

## २.६ राजस्व परिचालन सम्वन्धी विद्यमान अवस्था

**क) कर राजस्व :**

कर राजस्व तर्फ गल्कोट नगरपालिकाले भूमिकर तथा मालपोत, सम्पत्तिकर, भएको व्यवसायकर, सवारी कर, घरजग्गा वहाल कर, विज्ञापन कर र मनोरन्जन कर संकलन नभएको । यसरी संकलन हुँदै आएको आय शिर्षकहरुमा व्यवसायकर, सवारी कर, घरजग्गा वहाल कर, विज्ञापन कर र मनोरन्जन कर यस अन्तर्गत राजस्व संकलन हुँदै आएको पाइदैन । यसको सम्भावना नरहेको, करदर निर्धारण पनि नभएको र राजस्व संकलन समेत नभएको देखिन्छ । यस सम्वन्धी विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

तालिका नम्वर २
राजस्व परिचालनको अवस्था : कर राजस्व

| सि.नं. | आय शीर्षकहरू | भएको/नभएको | | |
|---|---|---|---|---|
| | | सम्भावना | दर निर्धारण | राजस्व संकलन |
| १. | सम्पत्तिमा आधारित कर मालपोत/भूमिकर | भएको | भएको | भएको |
| २. | सम्पत्तिमा आधारित कर सम्पत्तिकर | भएको | भएको | भएको |
| ३. | व्यवसाय कर | भएको | भएको | भएको |
| ४. | सवारी कर | नभएको | नभएको | नभएको |
| ५. | घरजग्गा बहाल कर | भएको | भएको | भएको |
| ६. | विज्ञापन कर | भएको | नभएको | नभएको |
| ७. | मनोरञ्जन कर | भएको | भएको | भएको |

श्रोत : गल्कोट नगरपालिकाको अभिलेख, २०७८

**ख) गैरकर राजस्व :**

गैरकर राजस्व अन्तर्गत गल्कोट नगरपालिकामा सरसफाइ शुल्क, घरनक्सा पास दस्तुर, प्रमाणित तथा सिफारिस जस्ता शुल्कहरुको राजस्व संकलनको सम्भावना नरहेको, राजस्व संकलन पनि हुँदै नआएको र राजस्व दररेटहरु पनि निर्धारण नभएको छ । यसको अलवा, खानेपानी सेवा, पर्यटन, सार्वजनिक शौचालय, सडक वत्ती सेवा एवं तालतलैया जस्ता क्षेत्रहरुवाट सेवा शुल्क संकलन गर्न सकिने सम्भावना रहेको देखिएको छ । नगरपालिकावाट राजस्वको दररेट निर्धारण नभएको, राजस्व संकलन गर्ने नीतिगत निर्णय समेत नभएकोले राजस्व संकलन हुन सकेको छैन । यस सम्वन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| तालिका नम्वर ३<br>राजस्व परिचालनको अवस्था : गैरकर राजस्व | | | | |
|---|---|---|---|---|
| सि.नं. | आय शीर्षकहरू | भएको/नभएको | | |
| | | सम्भावना | दर निर्धारण | राजस्व संकलन |
| १. | सवारी पार्किङ्ग शुल्क | नभएको | नभएको | नभएको |
| २. | खानेपानी महशुल | नभएको | नभएको | नभएको |
| ३. | विद्युत महसुल | नभएको | नभएको | नभएको |
| ४. | वहाल विटौरी शुल्क | नभएको | नभएको | नभएको |
| ५. | पर्यटन सेवा शुल्क | नभएको | नभएको | नभएको |
| ६. | फोहोरमैला व्यवस्थपन शुल्क | भएको | भएको | नभएको |
| ७. | प्राकृतिक स्रोतः ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर बिक्री | भएको | नभएको | नभएको |
| ८. | ढल निकास सेवा शुल्क | भएको | नभएको | नभएको |
| ९. | सार्वजनिक शौचालय सेवा शुल्क | भएको | नभएको | नभएको |
| १०. | हाटवजार सेवा शुल्क | भएको | नभएको | नभएको |
| ११. | पशुवधशाला सेवा शुल्क | भएको | नभएको | नभएको |
| १२. | सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | भएको | नभएको | नभएको |
| १३. | सडक बत्ती सेवा शुल्क ( नगरपालिका बाट) | नभएको | नभएको | नभएको |
| १४. | अतिथि गृह सेवा शुल्क | नभएको | नभएको | नभएको |
| १५. | अचल सम्पत्ति मूल्यांकन शुल्क | भएको | भएको | भएको |
| १६. | दर्ता तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |
| १७. | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| १८. | सिफारिस तथा बक्सौनी दस्तुर | भएको | भएको | भएको |
| १९. | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २०. | अन्य प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २१. | लिलाम विक्री | भएको | नभएको | नभएको |

| तालिका नम्वर ३<br>राजस्व परिचालनको अवस्था : गैरकर राजस्व | | | | |
|---|---|---|---|---|
| सि.नं. | आय शीर्षकहरू | भएको/नभएको | | |
| | | सम्भावना | दर निर्धारण | राजस्व संकलन |
| २२. | सार्वजनिक निजी साझदारी | भएको | नभएको | नभएको |
| २३. | अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि) | भएको | नभएको | नभएको |
| २४. | साँवा, ब्याज, लाभांस र वोनस | भएको | नभएको | नभएको |
| २५. | भाडा तथा वहाल | भएको | नभएको | नभएको |
| २६. | मेसिन तथा औजार भाडा | नभएको | नभएको | नभएको |
| २७. | सभागृह भाडा | नभएको | नभएको | नभएको |
| २८. | ताल, पोखरी तथा जग्गा भाडा | नभएको | नभएको | नभएको |
| श्रोत : गल्कोट नगरपालिकाको अभिलेख, २०७८ | | | | |

**२.७राजस्व परिचालन सम्वन्धी पालिकाको कानून तथा नीतिगत व्यवस्था :**

गल्कोट नगरपालिकाले आन्तरिक राजस्व अभिवृद्धिका लागि विगत तीन आर्थिक वर्षहरुमा(२०७६/७७, २०७७/७८ र २०७८/७९)नगर प्रमुखवाट वार्षिक नीति कार्यक्रम र नगर उप प्रमुखवाट वजेट तथा कार्यक्रम नगरसभामा प्रस्तुत हुँदै आएको छ । नगरसभामा प्रस्तुत गरिएका उपरोक्त कार्यक्रमहरुमा राजस्व सम्वन्धी नीति कार्यक्रम तथा वजेट व्यवस्था देहाय वमोजिम गरिएको छ ।

**क) आन्तरिक राजस्व अभिवृद्धिका लागि अंगिकार गरिएको नीति तथा कार्यक्रम**

- राजस्व संकलनलाई प्रभावकारी वनाउन वडा कार्यालय वाटै अनलाइन मार्फत राजस्व संकलन गर्ने व्यवस्था मिलाइने छ ।
- गल्कोट नगरपालिका भित्रको नागरिकको यथार्थ जग्गा कायम गरी सम्पत्ति र भूमिकरको भारवाट जोगाउन जग्गाको पुनः नापी र लगत कट्टा गर्ने
- वार्षिक पेशा व्यवसाय र घरवहाल कर असुली कार्यलाई थप प्रभावकारी वनाउन वडा समिति र टोल संस्थाहरु परिचालन तथा जिम्मेवार वनाइनेछ ।
- पेशा व्यवसाय कर लिदा एउटै फर्ममा फरक फरक प्रकृतिका व्यवसाय संचालन गरेको हकमा तोकिए वमोजिम फरक फरक प्रकृतिका व्यवसाय करको दरले हुन आउने रकम जोडी व्यवसाय कर लिइनेछ ।
- कानून वमोजिम गठित कम्पनी, उद्योग प्रतिष्ठान वा औद्योगिक संस्थाहरुसंग कानून वमोजिमको कर वक्यौता असुल कार्यलाई प्रभावकारी वनाइनेछ ।
- आफ्नो वा संगोल परिवारले (एकाघर सदस्य) नगरपालिकालाई भुक्तान गर्नुपर्ने कर शुल्क, दस्तुर, समयमा भुक्तान नगरी वक्यौता कायम राख्ने करदातालाई नगरपालिका वा वडा कार्यालयवाट सवै प्रकारका सिफारिस सेवा सुविधा रोक्का गरिनेछ ।

- नगरपालिका क्षेत्रभित्र (राजमार्ग वाहेकका) सडकहरु प्रयोग गरी निषेधित क्षेत्र वाहेकका नदी खोलाहरुवाट ढुङ्गा गिट्टी, मिष्कट, वालुवा, ऋसरवाट उत्पादित तयारीका सामान र ईट्टा तथा अन्य मालसामानहरुको सवारी करको अतिरिक्त तोकिए वमोजिमको दरमा सडक मर्मत सुधार शुल्क लिइनेछ ।
- स्थानीय राजस्वका सम्भावित क्षेत्र र दायरा अभिवृद्धिको लागि राजस्व सम्भाव्यता अध्ययन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- संस्थागत रुपमा संचालित व्यवसायिक प्रतिष्ठानहरुलाई घर वहालको दायरामा ल्याइनेछ, भने व्यक्तिगत घरवहालवालालाई करको दायरामा ल्याएने कार्यको थालनी गरिनेछ ।
- नगरभित्रका खोलानालामा हुने ढुङ्गा गिट्टी र वालुवा उत्खननको कार्यलाई व्यवस्थित गरी करको दायरामा ल्याइनेछ ।

**ख) भौतिक पूर्वाधार उपभोग तथा सेवा शुल्क संकलन गर्ने सन्दर्भमा राजस्व अभिवृद्धि हुनसक्ने नीतिहरु**

- वडा नम्वर ५ टेउवामा अर्न्तराष्ट्रिय मूर्तिकला संग्रहालय निर्माण
- नयाँधारा जडान इन्टेक च्याम्वर निर्माण र पाइपलाइन विस्तार
- नक्सापासलाई कडाइका साथ कार्यान्वयन
- फोहोर व्यवस्थापनका लागि जग्गा भाडामा लिई पूर्वाधार निर्माण
- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन गर्ने
- सभाहल निर्माण गर्ने

**ग) नीति कार्यक्रमको आधारमा वजेट व्यवस्था (विनियोजन)**

- वडा नम्वर ५ टेउवा मूर्तिकला संग्रहालय निर्माण तथा घुम्टे सम्म सडक पहुँचका लागि रु ८० लाख
- फोहोर व्यवस्थापनका लागि रु.१५ लाख
- गल्कोट नगर अस्पतालको विकास गरी सेवा प्रवाह गर्न रु.२० लाख
- सडकहरु नियमित संचालन गर्न रु.२५ लाख

## २.८ आन्तरिक आय संकलन

आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्मको आय विवरण अनुसार नगरपालिकाले पहिलो वर्ष ६४ लाख, त्यसपछिका वर्षहरुमा क्रमशः ७१ लाख र १ करोड १० लाख, राजस्व संकलन हुँदै आएको पाइन्छ । यस हिसाववाट हरेक वर्ष आन्तरिक आयमा क्रमशः वृद्धि भएको पाइन्छ । यसैगरी कर राजस्व उपरोक्त आर्थिक वर्षहरुमा क्रमशः ६३ लाख, ६२ लाख र अर्को आर्थिक वर्षमा पनि ६२ लाख नै प्राप्त भएको छ भने गैरकर राजस्व क्रमशः १ लाख, ८ लाख र ३८ लाख प्राप्त भएको छ । यस सम्वन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नम्वर ४
आन्तरिक आय विवरण

| क.सं. | आय शिर्षक | यथार्थ आय (आ.ब.) | | |
|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| क) | **कर राजस्व** | | | |
| १ | मालपोत वा भूमिकर | ११९९४६९ | १५८२९५१ | १४३५२९९ |
| २ | सम्पत्ति कर | ३२७६०४७ | २४४४२७३ | २०१४२०९ |

| तालिका नम्वर ४<br>आन्तरिक आय विवरण | | | | |
|---|---|---|---|---|
| क.सं. | आय शिर्षक | यथार्थ आय (आ.ब.) | | |
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| ३ | व्यवसाय कर | १२४०२०० | १६५४९२० | २१८४९१२ |
| ४ | सवारी कर | | | |
| ५ | घरजग्गा बहाल कर | ६१०८२३ | ५८६७४२ | ६५२२९४ |
| | **जम्मा कर राजस्व** | **६३२६५३९** | **६२६८८८६** | **६२८६७१४** |
| **ख)** | **गैरकर राजस्व** | | | |
| १ | नक्सापास दस्तुर | ९४३४९ | ५३०१८९ | १६८०६९३ |
| २ | सिफारिस दस्तुर | ७८००० | ३१४६५० | २१३३८२१ |
| | **जम्मा गैर कर राजस्व** | **१७२,३४९** | **८४४,८३९** | **३,८१४,५१४** |
| | **जम्मा आन्तरिक आय** | **६,४९८,८८८** | **७,११३,७२५** | **१०,१०१,२२८** |

## २.९ संगठनात्मक संरचना र जनशक्ति व्यवस्था


**क) संगठनात्मक व्यवस्था** : राजस्व प्रशासन संचालनका लागि गल्कोट नगरपालिकामा राजस्व इकाइ मार्फत काम कारवाहीहरु अगाडी वढाइएको छ । छुट्टै राजस्व शाखा स्थापना र आवश्यक कर्मचारीहरुको व्यवस्था गरिएको छैन । राजस्व अभिवृद्धिकै लागि राजस्व इकाइमा कार्यरत कर्मचारीहरुलाई क्षमता विकास तालिमवाट पनि लाभान्वित हुन सकेका छैनन र कार्य जिम्मेवारी पनि स्पष्ट लिखित रुपमा दिइएको छैन ।

**ख) राजस्व प्रशासन संचालन अवस्था** :करदाताहरुको विवरण कम्प्युटर सफ्टवेयरमा अभिलेख राखिएको छ । तापनि कर तिनुपर्ने कर रकम वारे जानकारी गराउने अभ्यास नगरपालिकावाट हुन सकेको छैन भने कर रकम वारे चित्त नवुझेमा गुनासो सुनुवाइ गर्ने संयन्त्र समेत विकास हुन सकेको छैन भने राजस्व इकाइवाट राजस्व कार्य प्रक्रिया, चुहावट नियन्त्रणको प्रयास, लक्ष्य तथा असुली व्यवस्थाको अनुगमन समेत हुने गरेको पाइन्दैन । तर समयमै करदाताहरुले कर भुक्तानी नगरिएमा त्यसवापतको जरिवाना लिने व्यवस्था भने गरिएको छ । नगरपालिकाको आफ्नो स्वमित्वमा रहेका स्थायी प्रकृतिका सम्पत्तिहरुको अभिलेख राख्ने गरिएको छ । निजी क्षेत्रसंग सहकार्य एवं साझेदारीमा काम गर्ने उद्देश्यले सार्वजनिक निजी साझेदारी ऐन कार्यान्वयनमा ल्याइएको छ ।

**ग) सूचना तथा समन्वय** : नगरपालिकामा आन्तरिक लेखापरीक्षण, महालेखा परीक्षण जस्ता कार्यहरु प्रभावकारी रुपमा संचालन भएका छन । राजस्व परामर्श समिति क्रियाशील छ । करका दर निर्धारण एवं यसको समीक्षा सरोकारवाला पक्षहरुसंगको सहभागितामा हुने गरेको पाइन्छ भने अन्य शाखाहरुसंग राजस्व इकाइ वीच समन्वय प्रभावकारी हुने गरेको छ । तापनि करदातालाई कर तथा शुल्क सम्वन्धी जानकारी, नगरपालिकाको आय विवरण सार्वजनिक गर्ने जस्ता कार्यहरु नगरपालिकावाट हुने गरेको पाइन्दैन ।

**नगरपालिकाको संगठनात्मक संरचना यसप्रकार रहेको छ ।**

(घ) २५ हजार देखि ५० हजारसम्म जनसंख्या भएका नगरपालिकाको संगठन संरचना (१५१वटा) (अनुसूची ४.१)



अनुसूची ४.२

२५ हजारदेखि ५० हजारसम्म जनसंख्या भएको नगरपालिकाको संगठन संरचना (१५१ वटा)

## दरवन्दी तेरीज

| क.सं. | पद नाम | श्रेणी/तह | प्राविधिक | अप्राविधिक | जम्मा |
|---|---|---|---|---|---|
| | | कार्यपालिकातर्फ | | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत (उप-सचिव) | रा.प.द्वितीय | ० | १ | १ |
| २ | सी.डी.ईन्जिनियर | रा.प.द्वितीय (प्रा.) (सिभिल, जनरल, बि.आ., स्यानिटरी) वा अधिकृत नवौं/दशौं | १ | ० | १ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय (शिक्षा/प्रशासन/कानून) वा अधिकृत सातौं/आठौं | ० | ३ | ३ |
| ४ | जनस्वास्थ्य अधिकृत/म.वि.अ. | स्वास्थ्य अधिकृत सातौं/आठौं वा रा.प.तृतीय (विविध) | १ | ० | १ |
| ५ | कृषि अधिकृत | रा.प.तृतीय (कृषि/पशु) वा अधिकृत सातौं/आठौं | १ | ० | १ |
| ६ | लेखा अधिकृत | रा.प तृतीय (लेखा) | ० | १ | १ |
| ७ | इन्जिनियर | रा.प तृतीय (प्रा. सिभिल, जनरल, स्यानिटरी, सिंचाई, हाई वे) वा इन्जिनियर सातौं/आठौं | १ | ० | १ |
| ७ | इन्जिनियर | रा.प तृतीय (प्रा. सिभिल, जनरल, बि.आ.) वा इन्जिनियर सातौं/आठौं | १ | ० | १ |
| ८ | नायब सुब्बा | रा.प अन.प्रथम वा अधिकृत छैठौं/सहायक पाचौं | ० | ९ | ९ |
| ९ | नायब सुब्बा (न्याय) | रा.प अन.प्रथम वा अधिकृत छैठौं/सहायक पाचौं | ० | १ | १ |
| १० | प्रा.स. (शिक्षा) | रा.प अन.प्रथम वा अधिकृत छैठौं/सहायक पाचौं | ० | १ | १ |
| ११ | म.वि.नि./स.म.वि.नि. वा खरिदार | रा.प अन.प्रथम/अधिकृत छैठौं/सहायक पाचौं वा खरिदार/सहायक चौंथो | ० | १ | १ |
| १२ | लेखापाल | रा.प अन.प्रथम वा अधिकृत छैठौं/सहायक पाचौं | ० | १ | १ |
| १३ | आन्तरिक लेखा परीक्षक | रा.प अन.प्रथम वा अधिकृत छैठौं/सहायक पाचौं | ० | १ | १ |
| १४ | सव इन्जिनियर | रा.प अन.प्रथम (प्रा. जनरल, सिंचाई, हाई वे) वा इन्जिनियर छैठौं/सहायक पाचौं | २ | ० | २ |
| १५ | सव इन्जिनियर | रा.प अन.प्रथम (प्रा. जनरल, बिल्डिंग आर्किटेक्ट)। वा इन्जिनियर छैठौं/सहायक पाचौं | १ | ० | १ |
| १६ | सर्भेक्षक | रा.प अन.प्रथम (प्रा.) वा इन्जिनियर छैठौं/सहायक पाचौं (प्रा.) | १ | ० | १ |
| १७ | रेन्जर/नायब सुब्बा | रा.प अन.प्रथम (प्रा. वन) वा अधिकृत छैठौं/सहायक पाचौं | १ | ० | १ |
| १८ | सह लेखापाल | रा.प अन. द्वितीय/सहायक पाचौं/चौथो | ० | १ | १ |
| | | प्रति नगर कार्यपालिका कर्मचारी संख्या | १० | २० | ३० |
| | | २५ हजारदेखि ५० हजारसम्म जनसंख्या भएको नगरपालिकाको संख्या | | १५१ | |
| | | **नगर कार्यपालिकाको जम्मा कर्मचारी संख्या** | **१५१०** | **३०२०** | **४५३०** |

वडा कार्यालयतर्फ

| क.सं. | पदनाम | श्रेणी/तह | प्राविधिक | अप्राविधिक | जम्मा |
|---|---|---|---|---|---|
| १ | नायब सुब्बा | रा.प अन.प्रथम (प्र.) वा अधिकृत छैठौं वा सहायक पाचौं | ० | १ | १ |
| २ | सव इन्जिनियर/ असिस्टेन्ट सव इन्जिनियर | रा.प अन.प्रथम (प्रा) वा अधिकृत छैठौं वा सहायक पाचौं/चौथो (प्रा.) | १ | ० | १ |
| ३ | खरिदार | रा.प अन. द्वि. (प्र.)/सहायक पाचौं/चौथो | ० | १ | १ |
| | | प्रति वडा कर्मचारी संख्या | १ | २ | ३ |
| | | वडाको संख्या | | १६४१ | |
| | | **वडाको जम्मा कर्मचारी संख्या** | **१६४१** | **३२८२** | **४९२३** |

| | | | |
|---|---|---|---|
| **२५ हजारदेखि ५० हजारसम्म जनसंख्या भएको १५१ नगरपालिकाको लागि जम्मा कर्मचारी संख्या** | **३१५१** | **६३०२** | **९४५३** |

## २.१०सम्भावना तथा चुनौतिहरु

राजस्व अभिवृद्धि एवं परिचालन गर्ने सन्दर्भमा गल्कोट नगरपालिकामा निम्न अनुसारका सम्भावना तथा चुनौतिहरु रहेका छन ।

| सवल पक्ष तथा सम्भावनाहरु | समस्या तथा चुनौतिहरु |
|---|---|
| ➧ राजस्व परिचालनका लागि प्रशासनिक संरचनातथा संयन्त्र निर्माण भएको<br>➧ नगरपालिकामा राजस्व इकाइ क्रियाशील रहेको र जनशक्ति व्यवस्था भएको<br>➧ राजस्व संकलन वडा कार्यालयवाट हुँदै आएको<br>➧ राजस्व अभिवृद्धिका लागि वार्षिक नीति, कार्यक्रमको व्यवस्था<br>➧ राजस्व अभिवृद्धि हुनसक्ने क्षेत्रहरुमा वार्षिक वजेट विनियोजन भएको<br>➧ सम्पत्तिकर, वहालकर, व्यवसायकर जस्ता मुख्य स्रोतहरु कार्यान्वयनमा<br>➧ आर्थिक ऐन २०७८, घरजग्गा वहाल कर असुली कार्यविधि २०७५,सार्वजनिक निजी साझेदारी सम्वन्धी व्यवस्थागर्न वनेको ऐन २०७५ कार्यान्वयनमा रहेको<br>➧ राजस्व अभिलेखन एवं रसिद काट्ने व्यवस्था कम्प्युटर सफ्टवेयरवाट हुने गरेको<br>➧ धार्मिक एवं प्राकृतिक दृश्यावलोकन स्थलहरुको निर्माण संगै पर्यटन शुल्क संकलनको सम्भावना रहेको<br>➧ अस्पताल, प्राविधिक शिक्षालय, पार्किङ सेवा, खानेपानी, स्थानीय सडक हाटवजार संचालन आदि जस्ता भौतिक पूर्वाधार निर्माण तथा सुविधा  उपलव्ध गराए तर्फ नगरपालिका उन्मुख<br>➧ नागरिकहरुमा राजस्व भुक्तानी गर्नुपर्ने सोचमा सकरात्मक परिवर्तनको विकास हुन थालेको | ➧ गैरकर राजस्व माथिको परनिर्भरता वढ्दै जानु<br>➧ सम्पत्तिकर र व्यवसायकर प्रभावकारी ढंगवाट कार्यान्वयन नहुनु<br>➧ राजस्व अभिवृद्धिका लागि दायरा विस्तार नगर्नु<br>➧ राजस्वका नयाँ क्षेत्र तथा स्रोत पहिचान नहुनु<br>➧ राजस्व संकलनलाई डिजिटाइज एवं अनलाइन सेवा कार्यान्वयन गर्न नसक्नु<br>➧ नागरिकलाई कर तिर्नुपर्ने वारेमा जनचेतना अभिवृद्धि नहुनु<br>➧ राजस्व संकलन हुने क्षेत्रहरु खासगरी पूँजीगत क्षेत्रमा लगानी अभिवृद्धि गर्न नसक्नु<br>➧ पर्यटकीय क्षेत्र,स्थानीय सडक जस्ता पूर्वाधार निर्माण गरी नगरपालिकाले उपयोग शुल्क कार्यान्वयन ल्याउनु नसक्नु<br>➧ राजस्व शाखामा दक्ष एवं जनशक्ति संख्या न्यून हुनु<br>➧ नगरपालिकाका पदाधिकारी, सदस्य एवं कर्मचारीहरुमा राजस्व अभिवृद्धि सम्वन्धी क्षमता न्यून हुनु<br>➧ राजस्वका दररेटहरु तुलनात्मक रुपमा वढी हुनु र करदर व्यवहारिक नहुनु<br>➧ कर राजस्व एवं गैरकर राजस्व परिचालनका लागि छाता कानून निर्माण नहुनु, जसको आधारमा कार्यविधि एवं अन्य कानूनहरु निर्माण हुन नसक्नु ।<br>➧ राजस्व सम्वन्धी वार्षिक नीति कार्यक्रमहरुको कार्यान्वयनका लागि वजेट व्यवस्था नहुनु<br>➧ करका दररेट निर्धारण एवं कार्यान्वयनका लागि अन्तर पालिका समन्वय स्थापित गर्नु<br>➧ कर भुक्तानीका लागि करदाताहरु नगरपालिका कार्यालय मै आउनुपर्ने वाध्यात्मक अवस्था<br>➧ कर प्रशासनलाई प्रभावकारी रुपमा संचालन गर्नु<br>➧ राजस्व शाखाको व्यवस्था संगठन संचाल |

## परिच्छेद - तीन :
## राजस्व अधिकार तथा आय सम्भाव्यता

### ३.१ राजस्व अधिकार

#### क) संवैधानिक अधिकार

नेपालको संविधान २०७२ को धारा ५७ मा राज्यशक्तिको बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ। राज्य शक्ति वाँडफाँड संविधानको अनुसूची ५ वमोजिम संघलाई, अनुसूची ६ वमोजिम प्रदेशलाई र अनुसूची ८ वमोजिम स्थानीय तहलाई हुने व्यवस्था भएको छ। त्यसैगरी अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारका र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सम्वन्धी व्यवस्था गरिएको छ। यसरी व्यवस्था गरिएका अधिकारहरु प्रयोगका लागि सम्वन्धित सरकारहरुले आ-आफ्नो कानूनहरु वनाउनु पर्ने हुन्छ। नेपालको संविधान २०७२ को धारा ६० मा राजस्व स्रोतको वाँडफाँडको व्यवस्था गरिएको छ। यसअनुसार तीनै तहका सरकारले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र राजस्व संकलन गर्न सक्ने व्यवस्था भएको छ। मुलत तीनैतहका सरकारललाई एकल अधिकार र साझा अधिकार गरी दुई प्रकारका अधिकार निर्धारण गरिएको छ। कर लगाउने तथा राजस्व संकलन गर्ने सन्दर्भमा स्थानीय तहका लागि नेपालको संविधान अनुसूची ८ को अनुक्रम ४ मा उल्लेख गरिएको छ। यस सम्वन्धी विस्तृत विवरण यसैसाथ तालिकामा उल्लेख गरिएको छ। सो अनुसार स्थानीय तहले सम्पत्ति कर, घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर तथा मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर र मालपोत संकलन गर्न सक्ने छ भने प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी र पर्यटन शुल्कलाई साझा अधिकार क्षेत्रभित्र राखिएको छ।

**तालिका नम्वर ५**
**स्थानीय तहको संवैधानिक अधिकार क्षेत्र**

| स्थानीय तहको अधिकार क्षेत्र अनुसूची ८ को अनुक्रम ४ वमोजिम | संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची ९ को अनुक्रम ६ वमोजिम |
|---|---|
| ➧ सम्पत्ति कर | ➧ सेवा शुल्क |
| ➧ घर वहाल कर | ➧ दस्तुर |
| ➧ घरजग्गा रजिष्ट्रेशन शुल्क | ➧ दण्ड जरिवाना |
| ➧ सवारी साधन कर | ➧ प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी |
| ➧ सेवा शुल्क दस्तुर | ➧ पर्यटन शुल्क |
| ➧ पर्यटन शुल्क | |
| ➧ विज्ञापन कर | |
| ➧ व्यवसाय कर | |
| ➧ भूमिकर (मालपोत) | |
| ➧ दण्ड जरिवाना, | |
| ➧ मनोरञ्जन कर | |
| ➧ मालपोत संकलन | |
| श्रोत : नेपालको संविधान २०७२ | |

#### ख) स्थानीय सरकार संचालन ऐन, २०७४

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिका तथा नगरपारिकाको वित्तीय अधिकार क्षेत्र उल्लेख भएको छ। सो परिच्छेदको दफा ५४ देखि ६४ सम्म वित्तीय अधिकार सम्वन्धी विविध पक्षहरु व्यवस्था गरिएको छ। यस अनुसार दफा ५४ मा कानून नवाइ कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था भएको छ भने दफा ५५ मा एकीकृत सम्पत्ति कर र घरजग्गा करको व्यवस्था गरिएको छ। यसैगरी दफा ५६ मा भूमिकर तथा मालपोत, दफा ५७ मा घरजग्गा वहाल कर, दफा ५८ मा व्यवसाय कर, दफा ५९ मा वहाल विटौरी शुल्क, दफा ६० मा पार्किङ शुल्क, दफा ६१ मा जटीवुटी, कवाडी र जीवजन्तु कर, दफा ६२ मा सेवा शुल्कको व्यवस्था गरिएको छ भने दफा ६३ मा कर, शुल्क वा दस्तुर कुटनीतिक नियोग एवं

कुटनीतिज्ञ र वैदेशिक ऋण एवं सहायतावाट संचालिन परियोजनाका पैठारी भएका मालसामानमा लगाउन नपाउने व्यवस्था छ । दफा ६४ मा प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्रभित्र कर निर्धारण, संकलन र बाँडफाँडको व्यवस्था गरिएको छ । यस अनुसार स्थानीय तहले टाँगा, रिक्सा, अटोरिक्सा र इरिक्सा जस्ता सवारी करको दर निर्धारण संकलन गर्ने अधिकार स्थानीय तहमा राखिएको छ भने यि वाहेकका सवारी साधनमा करदर निर्धारण र संकलन गर्ने अधिकार प्रदेश सरकारलाई दिइएको छ । यसैगरी घरजग्गा रजिष्ट्रेशन शुल्क र मनोरन्जन करको दर निर्धारण प्रदेश सरकारवाट र संकलन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ भने विज्ञापन कर दर निर्धारण र संकलन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । प्राकृतिक श्रोत कर खासगरी दुङ्गा, गिट्टी, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको करदर निर्धारण प्रदेश सरकार र संकलन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ । पर्यटन शुल्क पर्वतारोहरण, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क नेपाल सरकारलाई, स्थानीय उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा तथा संग्राहलयको प्रवेश शुल्क स्थानीय सरकारलाई र पर्यटन शुल्क निर्धारण र संकलन गर्ने अधिकार प्रदेश सरकारलाई दिइएको छ ।

### ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ऐनको दफा ३ मा कर, गैरकर तथा रोयल्टी लगाउन सक्ने व्यवस्था भएको छ । यस अनुसार स्थानीय तहको अधिकार क्षेत्र यसै ऐनको दफा ३ को उपदफा ३ तथा अनुसूची ३ मा उल्लेख गरिएको छ । स्थानीय तहको यस ऐन अनुसार देहाय वमोजिमका क्षेत्रहरुमा कर तथा गैरकर राजस्व संकलन गर्न सक्ने व्यवस्था भएको छ ।

**तालिका नम्वर ६**
**वित्तीय अधिकार क्षेत्र : कर तथा गैरकर सम्वन्धी**

| करका क्षेत्रहरु | गैरकरका क्षेत्रहरु |
|---|---|
| १) सम्पत्ति कर<br>२) घर वहाल कर<br>३) घर जग्गा रजिष्ट्रेशन शुल्क<br>४) सवारी साधन कर | १) सेवा शुल्क दस्तुर<br>२) पर्यटन शुल्क<br>३) दण्ड जरिवाना |
| ५) भूमिकर (मालपोत)<br>६) मनोरञ्जन कर<br>७) विज्ञापन कर<br>८) व्यवसाय कर | स्थानीयतहको अधिकार क्षेत्रको विषयमा स्थानीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैकर करहरु |

श्रोत : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहले कर राजस्व अन्तर्गत सम्पत्तिकर, घरवहाल कर, घरजग्गा राजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर तथा मालपोत, मनोरन्जन कर, विज्ञापन कर, व्यवसाय कर लगाउन र संकलन गर्ने सक्ने व्यवस्था गरिएको छ भने गैरकर राजस्व अन्तर्गत सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवानावाट ।

त्यसैगरी दफा ४ मा गैरकरको दर निर्धारणका आधारहरु तोएिको छ । सवै तहका सरकारहरुले वस्तु वा सेवाको लागत, संचालन र सम्भार खर्चलाई आधार मानी गैरकरका दरहरु निर्धारण गर्नुपर्ने व्यवस्था छ भने दफा ५ मा एकल कर प्रशासन सम्वन्धी व्यवस्था गरिएको छ । यस अनुसार सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर उठाउदा प्रदेश र स्थानीय सरकारले एक अर्काको कर समेत उठाउने व्यवस्था गरिएको छ । कर संकलन गर्दाको सम्वन्धित तहले प्रशासनिक खर्च २ प्रतिशत राखी वाँकी रकम सम्वन्धित तहको संचित कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ३ को दफा ६ मा मूल्य अभिवृद्धिकर तथा अन्तःशुल्क वाँडफाँड, दफा ७ मा प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टी वाँडफाँडको व्यवस्था गरेको छ । यस अनुसार मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कवाट १५ प्रतिशत र प्राकृतिक स्रोतको रोयल्टी (पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोत) वाट २५ प्रतिशत राजस्वको व्यवस्था गरिएको छ । यसैगरी परिच्छेद ४ को दफा ८ मा वित्तीय समानीकरण अनुदान, दफा ९ मा सशर्त अनुदान, दफा १० मा समपूरक अनुदान र दफा ११ मा विशेष अनुदानको व्यवस्था गरिएको छ भने दफा १४ मा आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरिएको छ ।

**घ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

प्राकृतिक स्रोतको परिचालन, राजस्व वाँडफाँड तथा अनुदान सम्वन्धी व्यवस्था यस ऐनको परिच्छेद ४ मा गरिएको छ । यसै ऐनको दफा १४ मा प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधार, दफा १५ मा राजस्व वाँडफाँड गर्दा लिइने आधार, दफा १६ मा अनुदान सिफारिस गर्दा लिइने आधारको व्यवस्था गरिएको छ । राजस्व वाँडफाँड गर्दा विशेष गरी जनसंख्या, भौगोलिक क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेका प्रयास, पूर्वाधार विकास जस्ता पक्षहरुलाई आधार मानिने व्यवस्था गरिएको छ ।

**ङ) नगरपालिकाको आर्थिक ऐन, २०७५**

नगरपालिकाको आर्थिक ऐन, २०७५ अनुसार निम्न राजस्वका श्रोतहरुवाट राजस्व संकलन गर्न सक्ने व्यवस्था गरिएको छ ।

**क) कर राजस्व तर्फ :**

१. सम्पत्ति कर
२) भूमिकर (मालपोत)
३) घरवहाल कर
४) व्यवसाय कर
५) जडीवुटी, कवाडी र जीवजन्तु कर
६) विज्ञापन शुल्क
७) मनोरञ्जन कर
८) सवारी साधन कर

**ख) गैरकर राजस्व**

९) वहाल विटौरी शुल्क
१०) पार्किङ शुल्क
११) सेवा शुल्क दस्तुर
१२) पर्यटन शुल्क

**३.२ आन्तरिक आयको विद्यमान अवस्था र सम्भाव्यता**

नगरपालिकाको आन्तरिक आय अन्तर्गत कर तथा गैरकर राजस्वका प्रमुख श्रोतहरु सम्पत्तिकर, घरवहाल कर, व्यवसाय कर, नक्सापास, एवं प्राकृतिक श्रोत साधन (ढुङ्गा गिट्टी वालुवा) आदिको विद्यमान अवस्था र राजस्व सम्भावनाहरु यसप्रकार रहेको छ ।

**क) सम्पत्ति करको दर**

**विद्यमान अवस्था** :यस अन्तर्गत अचल सम्पत्तिहरु घर, जग्गा, टहरा आदिलाई राखिएको छ । नगरपालिकावाट घर संरचना र जग्गा खासगरी घरको मूल्यांकन गरिएको छ । घरको वनोटको आधार ४ किसिमवाट वर्गीकरण भएको छ । पहिलो किसिमको घर भित्र काँचो वाहिर ईटामा माटोको जेडाइ भएका सवै किसिमका घर र काठैकाठवाट वनेको घर, दोश्रो किसिमको घरमा भित्र वाहिर पाको ईटा वा ढुङ्गामा माटोको जोडाइ भएका सवै किसिमका घरहरु, तेश्रोमा भित्र वाहिर पाको ईटामा सिमेण्ट वा वज्रको जोडाई भएका घरहरु र चौथोमा आसिसि फ्रेम स्ट्रक्चरवाट वनेको घर । यसरी वनोटका आधारमा घरको मूल्यांकन प्रति वर्ग फुटका आधारमा क्रमशः रु.४५०, रु.५२५, रु.५७५ र रु.६३५ निर्धारण गरिएको छ । यसमा वर्षका आधारमा ह्रासकट्टी गर्न सकिने व्यवस्था
भएको छ ।

| तालिका नम्वर७<br>सम्पत्ति कर विवरण | | |
|---|---|---|
| करयोग्य मूल्य | करको दर | प्रतिशतमा |
| पहिलो रु. १० लाख सम्म | रु.१००० | ०.१ |
| त्यसपछिको रु. १० लाख सम्म | रु.२००० | ०.१ |
| त्यसपछिको रु. ३० लाख सम्म | ०.२५ प्रतिशत | ०.२५ |
| त्यसपछिको रु.५० लाख सम्म | ०.५० प्रतिशत | ०.५० |
| त्यसपछिको रु.१ करोड सम्म | १.५० प्रतिशत | १.५० |
| त्यसपछिको वाँकी रकममा | १.७५ प्रतिशत | १.७५ |

आर्थिक ऐन, २०७४ अनुसार नगरपालिकाले सम्पत्तिलाई न्यूनतम मूल्यांकन गर्ने र कर दरको स्ल्यावका आधारमा कर रकम निर्धारण गर्ने प्रयास भएको छ । यस अनुसार रु.१० लाख सम्म सम्पत्ति भएका करदातालाई ०.१ प्रतिशत, रु. २० लाख सम्म सम्पत्ति हुनेलाई पनि ०.१ प्रतिशत, रु. ३० लाख सम्म सम्पत्ति हुनेलाई ०.२५ प्रतिशत, रु. ५० लाख, रु.१ करोड र सो भन्दा वढी सम्पत्ति हुनेहरुका लागि क्रमशः ०.५०, १.५० र १.७५ प्रतिशत करदर निर्धारण भएको छ । यसप्रकार शुरुमा समदर र सो पश्चात प्रगतिशील करदर प्रणाली नगरपालिकाले अवलम्वन गरेको पाइन्छ ।

मालपोतका लागि नगरपालिकाले जग्गाको वर्गीकरण अव्वल, दोयम, सीम र चाहार गरी चार भागमा वर्गीकरण प्रति रोपनीका दरले मालपोत निर्धारण गरेको छ । यस अनुसार अव्वल जग्गाका लागि प्रति रोपनी रु.२५, त्यसपछि क्रमशः रु.२०, रु.१५ र रु.१० निर्धारण गरिएको छ भने भूमिकरका लागि जग्गाको उत्पादकत्व वा व्यापारिक, आवसीय, सामुदायिक, गुठी, कृषि वा वन आदि उपयोगिता समेत हेरी प्रति रोपनी रु.५०० करदर निर्धारण गरिएको छ ।

नगरपालिकाले भूमिकर (मालपोत) वापत आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ मा कूल आन्तरिक आयको क्रमशः १८.४६, २२.२५ र १४.२१ प्रतिशत राजस्व संकलन भएको छ भने सम्पत्ति कर ( घरजग्गा) वापत कूल आन्तरिक आयको ५०.४१, ३४.३६ र १९.९४ प्रतिशत क्रमशः प्राप्त भएको छ । मालपोत तथा भूमिकर अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७६/७७ मा ३१.९७ प्रतिशतले वृद्धि र सो पश्चात ९.३३ प्रतिशतले ह्रास आएको छ । यसैगरी सम्पत्ति (घरजग्गा) कर अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७६/७७ मा २५.३९ प्रतिशत र त्यसपछिको आर्थिक वर्षमा १७.५९ प्रतिशतले घटेको छ ।

**सम्भाव्यता** : नगरपालिकाको करदर निर्धारणमा वैज्ञानिकताको अभाव देखिन्छ । शुरुमा समदर निर्धारण भएको छ भने त्यसपछि प्रगतिशील करदर र सो पश्चात समदर कायम भएको छ । संविधानत कर प्रणाली प्रगतिशील हुनु पर्ने व्यवस्था गरिएको छ । यसर्थ पनि नगरपालिकाले करदरलाई एकैनाशको वनाउनु पर्ने देखिन्छ ।

घरधुरीका आधारमा सम्पत्ति करको सम्भाव्यता हेर्दा नगरपालिकालाई वार्षिक सम्पत्ति कर वापत रु.१ करोड ४१ लाख ११ हजार संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ । नगरपालिकामा ६८६३ घरधुरी रहेका छन् । प्रति ३ घरमा २ जना करदाता भएको अनुमान गर्दा सम्पत्ति कर प्रयोजनका लागि नगरपालिकामा १०२९५ करदाता छन । शुरुका वर्षहरुमा उपरोक्त कर प्राप्त नभएपनि दायरा विस्तार गर्दै जाँदा सो रकम संकलन हुन सक्ने देखिन्छ । न्यूनतम ०.०२ प्रतिशत रु.१० लाख सम्म सम्पत्ति हुने करदाताका लागि र अधिकतम ०.३९ प्रतिशत रु.२ करोड सम्पत्ति हुनेका लागि करदर निर्धारण गर्दा उपरोक्त रकम प्राप्त हुन सक्छ । यस सम्वन्धी विस्तृत विवरण यसैसाथ सम्लग्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका नम्वर ८
सम्पत्ति कर : प्राप्त हुन सक्ने अनुमान

| जम्मा घरधुरी संख्या | करदाता संख्या यथार्थमा (प्रतिशत) | करदाता संख्या | अचल सम्पत्ति न्यूनतम मूल्यांकन रु. | सम्पत्ति करदर | वार्षिक कर रकम प्रति एक करदातावाट रु. | जम्मा वार्षिक कर रकम रु. |
|---|---|---|---|---|---|---|
| ६८६३ | (१.५) १०२९५ | | | | | |
| १०,२९५ | १५ | १५४४ | १,०००,००० | ०.०२ | २०० | ३०८,८३५ |
| १०,२९५ | १२ | १२३५ | २,०००,००० | ०.०२१ | ४२० | ५१८,८४३ |
| १०,२९५ | १२ | १२३५ | ३,०००,००० | ०.०२२ | ६६० | ८१५,३२४ |
| १०,२९५ | १० | १०२९ | ४,०००,००० | ०.०२३ | ९२० | ९४७,०९४ |
| १०,२९५ | १० | १०२९ | ५,०००,००० | ०.०२४ | १२०० | १,२३५,३४० |
| १०,२९५ | १० | १०२९ | ६,०००,००० | ०.०२५ | १५०० | १,५४४,१७५ |
| १०,२९५ | ८ | ८२४ | ७,०००,००० | ०.०२६ | १८२० | १,४९८,८७९ |
| १०,२९५ | ७ | ७२१ | ८,०००,००० | ०.०२७ | २१६० | १,५५६,५२८ |
| १०,२९५ | ७ | ७२१ | ९,०००,००० | ०.०२८ | २५२० | १,८१५,९५० |
| १०,२९५ | ५ | ५१५ | १०,०००,००० | ०.०२९ | २९०० | १,४९२,७०३ |
| १०,२९५ | ३ | ३०९ | १५,०००,००० | ०.०३४ | ५१०० | १,५७५,०५९ |
| १०,२९५ | १ | १०३ | २०,०००,००० | ०.०३९ | ७८०० | ८०२,९७१ |
| | १०० | | | | ६८,६०० | १४,१११,७०१ |

उपरोक्त कूल कर रकम रु. १ करोड ४१ लाख ११ हजार शुरुका वर्षहरुमा संकलन नहुन पनि सक्छ । तर सम्पत्ति कर (घर, जग्गा, भवन) लाई व्यवस्थित ढंगवाट संचालन भएमा सहजै संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ ।

**ख) घरवहाल कर**

**विद्यमान अवस्था** : नगरपालिका क्षेत्रभित्र व्यक्ति संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रा, जग्गा, पोखरी आदि पुरै वा आंशिक तवरले वहालमा दिएमा घरजग्गा वहाल कर लगाइने व्यवस्था नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था गरिएको छ । घर वहाल कर प्रयोजनका लागि वजार क्षेत्रलाई भौगोलिक क्षेत्रका रुपमा वर्गीकरण गरी सोही अनुसार न्यूनतम भाडा दर निर्धारण हुन सकेको छैन । यसैगरी भाडा प्रयोजन (व्यक्तिगत, संस्थागत र व्यवसायिक) का आधारमा समेत वर्गीकरण गरी वहाल कर पनि निर्धारण हुन सकेको छैन । नगरपालिकाले सवै क्षेत्रका लागि एकमुष्ट करदर ३

तालिका नम्वर ९
घरवहाल कर

| क्षेत्र | वार्षिक दर |
|---|---|
| आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएमा सम्वन्धित घनीवाट वहाल रकमको वढीमा | ३ प्रतिशत |

प्रतिशत निर्धारण गरेको छ । यस हिसाववाट व्यक्तिगत प्रयोजन र व्यवसायिक प्रयोजनका लागि घर वहाल लिदा एकै करदरमा भुक्तानी गर्नुपर्ने प्रावधान रहेको छ । जुन सामाजिक हिसाववाट पनि न्यायोचित मान्न सकिदैन ।

कूल आन्तरिक आयमा घर वहाल करको योगदान आर्थिक वर्ष २०७५/७६ मा ९.४० प्रतिशत रहेको थियो । त्यसपछिका वर्षहरुमा क्रमशः ८.२५ र ६.४६ प्रतिशत रहेको छ भने वृद्धिदर अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७५/७६ मा ३.९४ प्रतिशतले घटेको पाइन्छ भने आर्थिक वर्ष २०७७/७८ मा करीव ११.१७ प्रतिशतले वृद्धि भएको पाइन्छ ।

**सम्भाव्यता** : अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा करीव २० प्रतिशतले आगामी वर्षहरुमा वृद्धि हुने अनुमान गर्न सकिन्छ । यस हिसाववाट नगरपालकाले करीव रु.१४ लाख १५ हजार घर वहाल कर वापत संकलन गर्न सक्ने देखिन्छ ।

**ग) व्यवसाय कर**

**विद्यमान अवस्था** : नगरपालिकाले विभिन्न १९ प्रकारका शिर्षकहरुवाट व्यवसाय कर संकलन हुँदै आएको देखिन्छ । सो अन्तर्गत पनि व्यवसायको सेवा प्रकृति र श्रेणी अनुसार अरु थुप्रै शिर्षकहरु पनि छन । यथार्यमा नगरपालिकाले वार्षिक व्यवसाय कर आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्म क्रमशः रु.१२ लाख ४० हजार, रु.१६ लाख ५४ हजार, र रु.२१ लाख ८४ हजार प्राप्त भएको छ । यसरी प्राप्त भएको व्यवसाय करको हिस्सा आन्तरिक आयमा क्रमशः १९.०८, २३.२६ र २१.६३ प्रतिशत रहेको देखिन्छ । आर्थिक वृद्धिदर तर्फ व्यवसाय कर अघिल्लो वर्षको तुलनामा कहिले वढ्ने र कहिले घट्ने प्रवृत्ति देखिन्छ । आर्थिक वर्ष २०७६/७७ मा करीव ३३.३४ प्रतिशतले र सो पछिको आर्थिक वर्षमा करीव ३२.०३ प्रतिशतले वृद्धि भएको पाइन्छ ।

व्यवसाय कर सिद्धान्तत, वार्षिक कारोवारको आधारमा कर लगाउने गरिन्छ । कर कार्यालयको लामो अभ्यास यसैमा आधारित छ । व्यवसायहरुको लेखापरीक्षण एवं वार्षिक कारोवारलाई आधार मानी कर रकम निर्धारण गर्ने गरिन्छ । सामान्यत, नगरपालिका भित्र संचालन हुने व्यवसायहरुको स्तर र व्यवसायिक प्रकृति हेर्दा स्थानीय नै हुने र अधिकांश अनौपचारिक हुने भएकोले लेखापरीक्षण गर्ने कार्य आफैमा त्यत्ति व्यवहारिक नहुन पनि सक्छ । तापनि व्यवसायमा कर निर्धारण गर्ने आधार भनेको कारोवार नै हो । यसैका आधारमा कर संकलन गर्नुपर्ने हुन्छ । यसका लागि नगरपालिकाले व्यवसायको प्रकृति, हुनसक्ने वार्षिक कारोवार, व्यवसायमा भएको पूँजी लगानी जस्ता पक्षलाई आधार मानी व्यवसायिहरुको प्रतिनिधि संस्थासंगको सहमतिमा एक करयोग्य रकम मानी सोमा करदर निर्धारण गर्दा तुलनात्मक रुपमा व्यवहारिक हुन सक्छ ।

नगरपालिकाको अभिलेख अनुसार पालिका क्षेत्रभित्र १६४० वटा उद्योग व्यवसायहरु व्यवसाय कर प्रयोजनका लागि आवद्ध भएको देखिन्छ । २०१८ मा गरिएको आर्थिक सर्वेक्षण नगरपालिका क्षेत्रभित्र ४१५९ वटा उद्योग व्यवसायहरु संचालनमा रहेको देखिन्छ । यसरी नगरपालिकामा करीव २५१९ उद्योग व्यवसायहरु कर प्रयोजनवाट वाहिर रहेको देखिन्छ ।

**सम्भाव्यता** :

आर्थिक सर्वेक्षण २०१८ अनुसार नगरपालिका क्षेत्रभित्र संचालित उद्योग व्यवसायको संख्या ४१५९ वटा छन् । यसरी संचालित उद्योग व्यवसायहरु अहिलेको अवस्था सम्म के कति संख्यामा वढे वा घटे सोको तथ्यांक यकिन छैन । तापनि नगरपालिकामा भएको अभिलेख अनुसार १६४० वटा उद्योग व्यवसायहरु नगरपालिकामा आवद्ध भएको पाइन्छ र आवद्ध हुन वाँकी उद्योगहरुको सेवा प्रकृति एवं श्रेणी पहिचान हुन सकेको छैन । आर्थिक सर्वेक्षण २०१८ लाई आधार मानेर गणना गर्दा कर दायरामा आउन वाँकी उद्योग व्यवसायको संख्या २५१९ रहेको र त्यसवाट न्यूनतम करदर रु.२००० का दरले हिसाव गर्दा करीव रु.५० लाख ३८ हजार कर

संकलन गर्न सकिने देखिन्छ । यस सम्वन्धमा गत आर्थिक वर्षको र करको दायरामा आउन बाँकी सवै उद्योग व्यवसायहरुवाट प्राप्त हुन सक्ने व्यवसाय करको गणना गर्दा नगरपालिकालाई व्यवसाय कर वापत रु.७२ लाख २२ हजार संकलन हुन सक्ने देखिन्छ ।

तालिका नम्वर १०
व्यवसाय करको दररेट

| क्रसं. | व्यवसायको किसिम | वार्षिक दर (रु.) | क्रसं. | व्यवसायको किसिम | वार्षिक दर (रु.) |
|---|---|---|---|---|---|
| १. | व्यापारिक वस्तु | ५००-१५००० | ११ | वित्तीय सेवा | ३०००-५००० |
| २. | निर्माण व्यवसाय | १४०००-१७००० | १२ | स्वास्थ्य सेवा | ३०००-३५००० |
| ३. | उत्पादनमूलक उद्योग | १०००-२००० | १३ | विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायिक सेवा | ३०००-१०००० |
| ४. | ऊर्जामूलक उद्योग | ५०००-२५००० | १४ | शिक्षा सेवा | ५०००-२५००० |
| ५. | कृषि तथा वनजन्य उद्योग | १०००-५००० | १५ | मर्मत सम्भार केन्द्र | १०००-५००० |
| ६. | खनिज उद्योग | १५००० | १६ | अन्य सेवा | २०००-२०००० |
| ७. | पर्यटन उद्योग | १०००-१०००० | १७ | मासु पसल | १०००-२००० |
| ८. | सेवा उद्योग | १०००-५००० | १८ | माथिको वर्गीकरणमा नपरेका विविध | ५००-५००० |
| ९. | निर्माण उद्योग | २५००-५००० | १९ | अन्य व्यवसाय | १५००-१०००० |
| १० | संचार सेवा | २००० | | | |

**घ) नक्सापास**

**विद्यमान अवस्था** : आर्थिक वर्ष २०७५/७६ मा नक्सापास वापत रु.९४ हजार राजस्व संकलन भएको थियो । त्यसको लगतैको आर्थिक वर्षमा अत्याधिक मात्रामा राजस्व वृद्धि भई रु.५ लाख ३० हजार राजस्व संकलन हुन पुग्यो । आर्थिक वर्ष २०७७/७८ मा अझै वृद्धि भई रु.१६ लाख ८० हजार प्राप्त भयो । यसरी क्रमिक रुपमा वढ्दो क्रममा रहेको नक्सापास दस्तुर वार्षिक वृद्धिदर अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७६/७७ मा ४६१.९४ प्रतिशत र आर्थिक वर्ष २०७७/७८ मा २१७ प्रतिशतले वृद्धि हुन पुग्यो । कूल आन्तरिक आयमा नक्सापास दस्तुरको योगदान आर्थिक वर्ष २०७५/७६ मा करीव १.४५ प्रतिशत भने सो पश्चातको आर्थिक वर्षमा क्रमशः ७.४५ र १६.६४ प्रतिशत योगदान रहेको देखिन्छ ।

**सम्भाव्यता** : घर नक्सापास गर्ने अभ्यास क्रमिक रुपमा वृद्धि हुँदै आएको सन्दर्भमा आगामी आर्थिक वर्षहरुमा समेत यसको वृद्धि अरु वढ्ने देखिन्छ । औषतमा करीव ५० प्रतिशतका दरले राजस्व संकलनमा वृद्धि हुन सक्ने अनुमानका आधारमा आगामी आर्थिक वर्षमा यस वापत रु.२५ लाख २१ हजार राजस्व प्राप्त हुने देखिन्छ ।

**ङ) प्राकृतिक श्रोत (ढुङ्गा, वालुवा, गिट्टी)**
**विद्यमान अवस्था तथा सम्भाव्यता** : वातावरणीय पक्षहरुलाई मध्यनजर राख्दै आइइ इआए गरी नगरपालिकाले आफ्नो क्षेत्रमा उपलब्ध ढुङ्गा, गिट्टी, वालुवावाट राजस्व संकलन गर्न सक्ने सम्भावना देखिएको छ । यसका लागि आवश्यक कानूनी व्यवस्था मिलाई ठेक्का प्रणाली मार्फत यस कार्यलाई आरम्भ गर्न सकिन्छ । यसवाट नगरपालिकालाई वार्षिक रु.२० लाख राजस्व संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ ।

**च) स्थानीय पूर्वाधार सेवा उपयोग शुल्क : सडक, खानेपानी, ढल निकास**
**विद्यमान अवस्था र सम्भाव्यता** : नगरपालिका क्षेत्रभित्र आफ्नै लगानीमा सडकहरु निर्माण हुँदै आएका छन । यसरी निर्माण भएका सडकहरुको अपर्याप्त वजेटका कारण एकै पटक कालोपत्रै गरी पक्की सडक निर्माण हुन नसक्ने भएकोले त्यस्ता सडकहरुलाई नियमित रुपमा मर्मत गरी आवागमनलाई सहजता ल्याउनु पर्ने हुन्छ । भने क्रमिक रुपमा त्यस्ता सडकहरुलाई सडक नाली वनाउदै कालोपत्रै गरी पक्की सडक वनाउनु पर्ने पनि हुन्छ । यसका लागि नगरपालिकाले सडक उपयोग गरेवापत सवारी साधनहरुवाट शुल्क संकलन गर्ने सक्ने छ । त्यसैगरी नगरपालिकाले खानेपानी सुविधा नागरिकहरुलाई उपलब्ध गराउदै आएको सन्दर्भमा पाइप, मुहानहरुको नियमित रुपमा मर्मत एवं सुधार गर्नुपर्ने भएकोले लाभान्वित समूहवाट उपयोग शुल्क संकलन गर्न सक्ने छ ।

उपरोक्त कार्यका लागि नगरपालिकाले सहकारी संस्था तथा निजी क्षेत्रसंग सहकार्य गरी सेवा शुल्क संकलन गर्न सक्ने छ । यसका लागि नगरपालिकाले खरिद प्रक्रिया मार्फत ठेक्कामा जानु पर्ने हुन्छ । उपरोक्त सेवावाट शुरुका वर्षहरुमा वार्षिक करीव रु.१० लाख सम्म राजस्व संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ ।

**छ) पूर्वाधार क्षेत्रमा लगानी** : अस्पताल, प्राविधिक शिक्षालय, कृषि उपज संकलन तथा हाटवजार केन्द्र, औद्योगिक ग्राम, शीतभण्डार, वहुउद्देश्यीय व्यापारिक भवनआदि ।
**विद्यमान अवस्था तथा सम्भाव्यता** : उपरोक्त पूर्वाधारहरु हाल नगरपालिका क्षेत्रभित्र उपलब्ध छैन । सो सेवा उपलब्धताका लागि नगरपालिकाले निजी क्षेत्र एवं सहकारी संस्थाहरुसंग सहकार्य तथा साझेदारी गर्न सक्ने छ । यसका लागि कानूनी व्यवस्थाका साथै आवश्यक अध्ययन अनुसन्धान गर्नुपर्ने हुन्छ र निजी क्षेत्रहरुसंग परामर्श एवं आकर्षण गर्नुपर्ने हुन्छ । यसवाट तुरुन्तै नगरपालिकालाई राजस्व प्राप्त नभएपनि केही समयको अन्तरालमा प्राप्त हुन सक्ने सम्भावनालाई नकार्न सकिदैन । तापनि कृषि उपज संकलन तथा हाटवजार संचालन वापत नगरपालिकालाई वार्षिक रु.५ लाख राजस्व संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ ।

# परिच्छेद - चार :
# राजस्व सुधार कार्ययोजना तर्जुमा

## ४.१ कर राजस्व सुधार योजना तर्जुमा

कर राजस्व अन्तर्गत सम्पत्ति कर, भूमिकर, घर जग्गा वहाल कर, व्यवसाय कर, सवारी कर र जडीवुटी, कवाडी तथा जीवजन्तु कर रहेका छन् । उपरोक्त करहरुको सुधारका लागि नगरपालिकाकाको देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा भएको छ ।

क) उद्देश्य :

स्थानीय तहको वित्तीय अधिकार क्षेत्रभित्रका करका श्रोतहरु पहिचान, दायरा विस्तार र नागरिकहरुलाई कर सञ्जालमा आवद्ध गरी कर संकलनमा प्रभावकारीता ल्याई संकलित रकमलाई पूँजी वृद्धि क्षेत्रमा लगानी गर्दै कर राजस्वलाई नगरपालिकाको दिगो, भरपर्दो र मुख्य आय श्रोतको रुपमा स्थापित गर्नु ।

**ख) रणनीतिहरु**

१ कर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
२ कर तिर्ने अभ्यास विकास गर्न नागरिकलाई प्रोत्साहित गर्ने
३ राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने
४ कर संकलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने
५ करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने
६ संकलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने

**ग) कार्यनीतिहरु**

**रणनीति- १ अन्तर्गतको कर राजस्वपरिचालनका लागि ऐन कानुन तर्जुमा अन्तर्गतको कार्यनीतिहरु**

१. नगरपालिकाको आर्थिक ऐनलाई व्यवहारिक र समयसापेक्षा वनाउन हरेक आर्थिक वर्ष अध्ययनका आधारमा नगरपालिका आर्थिक ऐन संशोधन, परिमार्जन गरिनेछ ।
२. कर राजस्व र गैरकर राजस्व सम्वन्धी व्यवस्थापनका लागि ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । यसैका आधारमा जडीवुटी कवाडी तथा जीवजन्तु कर, प्राकृतिक श्रोत संकलन (वालुवा, गिट्टी, ढुङ्गा, दहत्तर वहत्तर) लगायतका लागि अलग अलग कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. नगरपालिका भित्र नियमित रुपमा संचालन हुने उद्योग, व्यापार व्यवसायको अनिवार्य दर्ता र इजाजत लिनुपर्ने पक्षलाई मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ ।
४. ट्याक्टर (वालुवा, ईटा, गिट्टी, माटो संकलनका लागि) लगायत स्थानीय साना सवारी साधन सञ्चालन सम्वन्धी कार्यविधि निर्माण गरिनेछ ।
५. स्थानीय पूर्वाधार सेवा (खानेपानी, स्थानीय सडक, स्थानीय विद्युत) उपयोगवाट राजस्व संकलनका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

**रणनीति २ को कर तिर्ने अभ्यास विकासका लागि नागरिकलाई प्रोत्साहित गर्ने अन्तर्गतको कार्यनीतिहरु**

१. कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
२. आर्थिक वर्षको शुरुमा एकमुष्ट कर भुक्तानीमा करछुट दिइनेछ ।
३. करदाताहरुको स्तर निर्धारण गरी ठूला करदाताहरुलाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गरिनेछ ।
४. ठूला करदाताहरुलाई नगरपालिकाको सिफारिस एवं प्रमाणीकरण दस्तुर एक निश्चित अवधिका लागि छुट दिइनेछ ।
५. कर नतिर्ने, निर्धारित अवधिभित्र कर तिर्ने ढिलाई गर्ने करदातालाई दण्ड सजाय गरिनेछ ।

६. वडा एवं समुदायस्तरमा कर शिक्षा जनचेतना प्रचार सामाग्रीहरु वितरण र कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति ३ को राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने अन्तर्गतको कार्यनीतिहरु**

१. करदाता पहिचानका लागि घरधुरी सर्वेक्षण एवं तथ्याङ्क सङ्कलन गरिनेछ ।
२. सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी साधन कर, जडीवुटी कवाडी एवं जीवजन्तु कर लगायतका करदाताहरुको अभिलेख खण्डीकृत र विस्तृत विवरण तयार पार्ने र लगत नियमित अद्यावधिक गरिनेछ ।
३. घर नम्वरिङ्ग गर्दै करदाताहरुलाई करदाता परिचय पत्र वितरण गरिनेछ ।
४. नगरपालिका भित्र सञ्चालनमा रहेका उद्योग, व्यापार व्यवसाय, घरजग्गा वहाल विवरण संकलन गरी लगत अद्यावधिक गरिनेछ ।
५. नगरपालिका भित्र नियमित सञ्चालित स्थानीय साना सवारी साधनलाई नम्वरिङ गर्ने सोको अभिलेख राखिनेछ ।
६. राजस्व शाखामा तथ्याङ्कहरु अभिलेखका लागि कम्प्युटर सफ्टवेयर प्रयोगमा ल्याउने । संचालनमा रहेको विद्यमान अभिलेखीकरण प्रणालीलाई अद्यावधिक गरिनेछ ।

**रणनीति ४ को कर संकलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व सङ्कलनमा वैकिङ् प्रणाली अवलम्वन गरिनेछ ।
२. राजस्व संकलन तथा भुक्तानीका लागि डिजिटाइज गरिने छ ।
३. कर विवरण पेश लगायत राजस्व सम्वन्धी कार्य लागि अनलाइन सेवा उपलव्ध गराइनेछ ।
४. संकलित राजस्व विवरण कार्यपालिकाको वेवसाइट मार्फत सार्वजनीकरण गरिनेछ ।

**रणनीति ५ को करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व संकलनमा प्रगतिशिल करदर प्रणाली लागु गरिनेछ ।
२. कर वृद्धिका लागि नयाँ नयाँ क्षेत्रहरु पहिचान गरिनेछ । करको दररेटलाई सक्दो न्यून वनाउदै दायरा फराकिलो पारिनेछ ।
३. भूउपयोग, जग्गाको उपयोगता र मूल्यको आधारमा भूमि वर्गीकरण एवं रेखाङ्कन गरिनेछ र सोका आधारमा करदर निर्धारण गरिनेछ ।
४. व्यवहारिक एवं वैज्ञानिकताका लागि विद्यमान करदरलाई परिमार्जन एवं संशोधन गरिनेछ ।
५. व्यवसायको प्रकृति, स्तर, व्यवसाय सञ्चालन क्षेत्र, कारोवारको आधारमा वर्गीकरण गरी सोको आधारमा करको दररेट निर्धारण गरिनेछ ।
६. जडीवुटी, तथा कवाडी आदिको उपलव्धता, व्यवसायिक उपयोगिता, मूल्य श्रृङ्खला चक्र र वजार मूल्यका आधारमा करदर निर्धारण गरिनेछ ।
७. करको दररेट निर्धारणका लागि स्थानीय समाजसेवी, वुद्धिजिवी, राजनीतिक दल, सरोकारवाला, संघ संस्था तथा करदाताको राय सुझाव प्रतिक्रियाका आधारमा तय गरिनेछ ।

**रणनीति ६ को संकलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने अन्तर्गतका कार्यनीतिहरु**

१. संकलित राजस्वलाई आय वृद्धि हुने क्षेत्रवारे अध्ययन, अनुसन्धानवाट पहिचान गर्ने र सो क्षेत्रमा लगानी गरिनेछ।
२. निजी क्षेत्रसंगको सहकार्यमा व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, उद्यान पार्क, प्राविधिक शिक्षालय, अस्पताल, कृषि उपज संकलन केन्द्र, पर्यटकीय स्थलहरु निर्माणहरुमा लगानी गरी राजस्व अभिवृद्धि गरिनेछ ।
३. वहुउद्देश्यीय उपयोगका अवधारणामा वडा कार्यालयहरुलाई निर्माण गरी अत्यावश्यक सेवाहरु उपलव्ध गरिनेछ ।
४. कृषि र गैरवन पैदावरका क्षेत्रमा उद्यमशिलता एवं व्यवसायिकता विकास गर्ने सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरी उद्योग व्यवसायहरुको स्थापनामा सहयोग गरिनेछ ।

## घ) कर राजस्व सुधार कार्ययोजना

तालिका नम्वर ११
कर राजस्व सुधार कार्ययोजना

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| क) | **सम्पति कर** | | |
| १. | सम्पत्ति (जग्गा र भौतिक संचरना) को न्यूनतम मूल्यांकन परिमार्जन गर्ने | २०७९ मंसिर मसान्त सम्म | राजस्व परामर्श समिति, नगर सभा |
| २. | सम्पत्ति कर व्यवस्थापन कार्यविधि परिमार्जन गर्ने | २०७९ मंसिर मसान्त सम्म | नगर कार्यपालिका |
| ३. | सम्पत्ति करदर परिमार्जन गर्ने | २०७९ मंसिर मसान्त सम्म | |
| ४. | सम्पत्ति (जग्गा र भौतिक संचरना) को स्वयं घोषणा अभियान सञ्चालन गर्ने | २०७९श्रावण देखि नियमित | नगरपालिका, वडा कार्यालयहरु |
| ५. | सम्पत्ति कर सम्वन्धी करदाताहरुको अभिलेख अद्यावधिक गर्दै करदाता नम्वर वितरण गर्ने | २०७९श्रावण देखि नियमित | राजस्व शाखा र वडा कार्यालयहरु |
| ख) | **घर जग्गा वहाल कर** | | |
| ६. | नगरपालिकाभित्र संस्थागत, व्यवसायिक वा व्यक्तिगत प्रयोजनले बहालमा रहेका घरजग्गाको तथ्यांक सकलन गर्ने | २०७९कार्तिक मसान्त सम्म | राजस्व शाखा वडा सचिव |
| ७. | घरजग्गा वहाल कर सम्वन्धी कार्यविधि परिमार्जन गर्ने | २०७९मंसिर मसान्त सम्म | राजस्व परामर्श समिति र नगरसभा |
| ग) | **व्यवसाय कर** | | |
| ८. | नगरपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि पालिकामा अनिवार्य दर्ता गर्नु पर्ने व्यवस्था गर्न सबै व्यवसायीलाई सुचित गर्ने | २०७९ साउन देखि नियमित | राजस्व परामर्श समिति, राजस्व शाखा |
| ९. | व्यवसाय कर व्यवस्थापन सम्वन्धी कार्यविधि परिमार्जन गर्ने | २०७९मंसिर मसान्त सम्म | राजस्व परामर्श समिति नगरसभा |
| १०. | दर्ता भएका (सूचीकृत) व्यवसायहरुको लगत अद्यावधिक गर्ने | २०७९ साउन देखि नियमित | राजस्व शाखा र वडा कार्यालयहरु |
| घ) | **जडिवुटी, कवाडी, जीवजन्तु कर** | | |
| ११. | जडिवुटी, कवाडी र जीवजन्तु कर संकलन हुने स्थान र परिमाण जानकारीका लागि तथ्याङ्क संकलन गर्ने | २०७९ मंसिर मसान्त सम्म | राजस्व शाखा र वडा कार्यालयहरु |
| १२. | जडीवुटी जीवजन्तु तथा कवाडी कर कार्यविधि तर्जुम ागर्ने | २०७९ कार्तिक मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| ङ) | **विज्ञापन कर** | | |
| १३. | न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने | २०७९ भाद्र मसान्त सम्म | राजस्व शाखा र वडा कार्यालयहरु |
| १४. | प्रदेश कानुन वमोजिम विज्ञापन कर कार्यविधि तर्जुम ागर्ने | २०७९ कार्तिक मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| च) | **सवारी साधन कर** | | |
| १५. | नगरपालिका क्षेत्रमा संचालित सवारी साधनहरुको अभिलेख अद्यावधिक गर्ने | २०७९ भदौ मसान्त सम्म | राजस्व उपशाखा, वडा कार्यालयहरु |
| १६. | प्रदेश कानुन वमोजिम विज्ञापन कर कार्यविधि तर्जुमागर्ने | २०७९ कार्तिक मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |

## ४.२ गैरकर राजस्व सुधार योजना तर्जुमा

यस अन्तर्गत नगरपालिकावाट गरिने सिफारिस, प्रमाणीकरण, र संघ संस्थाहरुको दर्ता, इजाजत, अनुमति, नवीकरण, अचल सम्पत्तिको मूल्यांकन जस्ता सेवा सुविधाहरु उपलव्ध गराए वापतको शुल्क, दस्तुर एवं प्राकृतिक श्रोतको विक्रीहरु रहेका छन् । उपरोक्त गैरकरहरुको सुधारका लागि नगरपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

क) उद्देश्य :

स्थानीय तहको अधिकार क्षेत्रभित्रका गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान, विस्तार गरी नागरिकहरुलाई प्रभावकारी, गुणस्तरीय सेवा सुविधाहरु न्यूनतम शुल्क तथा दस्तुरमा उपलव्ध गराई नगरपालिकाको आन्तरिक आयमा वृद्धि ल्याउनु ।

**ख) रणनीति**

१. गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने ।
२. गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार गर्ने ।
३. सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने ।

**ग) कार्यनीतिहरु**

**रणनीति १ को गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा अन्तर्गतका कार्यनीतिहरु**

१. प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, दहत्तर, वहत्तर आदिको उपयोग सम्वन्धी निश्चित मापदण्ड निर्धारण गर्दै कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
२. स्थानीय व्यवसायिक तथा गैर सरकारी एवं सामुदायिक संघ संस्थाहरुको दर्ता, नवीकरण, अनुमति, इजाजत सम्वन्धी कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।
३. सरकारी एवं ऐलानी जग्गा उपयोग सम्वन्धी कार्यविधि तर्जुमा गरिनेछ ।
४. स्थानीय पर्यटक क्षेत्र प्रवर्द्धन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि कार्यान्वयनमा ल्याइनेछ ।

**रणनीति २ को गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्वका आधार क्षेत्र पहिचान तथा विस्तारका लागि अध्ययन अनुसन्धान गरिनेछ ।
२. नगरपालिका क्षेत्रभित्रको प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आइइ) गर्ने । सोका आधारमा ठेक्का प्रक्रियाद्धारा ढुङ्गा, गिट्टी, वालुवा संकलन एवं विक्री गर्दै नियमित रुपमा सो कार्यको अनुगमन गरिनेछ ।
३. स्थानीय व्यवसायिक, गैरसरकारी एवं सामुदायिक संघ संस्थाहरु सञ्चालन अघि अनिवार्य रुपमा अनुमति तथा इजाजत लिनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।
४. स्थानीय पर्यटकीय क्षेत्रहरु पहिचान, अत्यावश्यक पूर्वाधार एवं सेवा सुविधाको व्यवस्था गरी आन्तरिक एवं वाह्य पर्यटकहरुको प्रवेशमा न्यूनतम शुल्क निर्धारण गरिनेछ ।
५. शहरीकरण संगसंगै निजीक्षेत्र, सहकारी संस्थासंगको सहकार्यमा फोहोरमैला व्यवस्थित गर्न ठेक्का प्रक्रिया अवलम्वन गरिनेछ ।

**रणनीति ३ को सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. सेवा सुविधाहरुको शुल्क, दस्तुर न्यूनतम निर्धारण गर्ने र परिमार्जन गरिनेछ ।

२. स्थानीय व्यवसायिक, गैर सरकारी तथा सामुदायिक संघ संस्थाका लागि दर्ता शुल्क, नवीकरण, अनुमति एवं इजाजत शुल्क, दस्तुर अलग अलग निर्धारण गरिनेछ ।

३. भौगोलिक अवस्थिति र आर्थिक सामाजिक रुपमा अति विपन्न तथा लक्षित वर्गका आधारमा सेवा शुल्क, दस्तुरहरुमा छूट व्यवस्था गरिनेछ ।

४. एकै प्रकृतिको कार्य नियमित रुपमा सेवा लिनुपर्ने करदाताहरुको पहिचान गरी आवश्यक नियम वनाई सेवा शुल्क तथा दस्तुरमा छूटको व्यवस्था गरिनेछ ।

## घ) गैरकर राजस्व सुधार कार्ययोजना

तालिका नम्बर १२
गैरकर राजस्व सुधार कार्ययोजना

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मोवारी |
|---|---|---|---|
| क) | **प्राकृतिक श्रोत उपयोग** | | |
| १७. | प्राकृतिक श्रोत उपयोग गर्ने सम्वन्धी कार्यविधि तर्जुमागर्ने र ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य पदार्थको बिक्री व्यवस्था गर्ने | २०७९ कार्तिक मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| १८. | सम्भाव्य स्थलहरुको आइइ परिक्षण गर्ने र सो अनुसारको परिमाण एकिन गर्ने | २०७९कार्तिक मसान्त सम्म | प्राविधिक शाखा र प्रशासकीय अधिकृत |
| १९. | संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन्हुने कार्य सुनिश्चित गर्ने | २०७९ साउन देखि नियमित | राजस्व परामर्श समिति नगर कार्यपालिका |
| ख) | **नक्सापास दस्तुर** | | |
| २०. | पुराना घरको अभिलेखीकरण/अद्यावधिकरण तथा नयाँ घरको नक्सा पास अनिवार्य गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम गर्ने | २०७९ साउन देखि नियमित | प्राविधिक शाखा, वडा कार्यालयहरु र कार्यपालिका |
| २१. | नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने | २०७९ साउन देखि नियमित | राजस्व शाखा वडा कार्यालयहरु |
| २२. | घरको तला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने | २०७९ साउन देखि नियमित | प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक शाखा र वडा कार्यालयहरु |
| ग) | **बहाल विटौरी शुल्क** | | |
| २३. | वहाल विटौरी शुल्कलाई परिमार्जन गर्दै कार्यविधि तर्जुम ागर्ने | २०७९ कार्तिक सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| २४. | सरकारी, पर्ति र ऐलानी जग्गाको पहिचान गरी सो को उपयोग गर्नेको अभिलेख अद्यावधिक गर्ने | २०७९ मंसिर मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| घ) | **सेवा शुल्क, दस्तुर तथा विविध आय** | | |
| २५. | शुल्क तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दरमा आवश्यक परिमार्जन गर्ने | २०७९ साउन मसान्त सम्म | राजस्व परामर्श समिति, नगरसभा |
| ङ) | **दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता** | | |
| २६. | नगरपालिकालाई दीर्घकालीन आय आर्जन हुन | २०७९ साउन मसान्त | नगरकार्यपालिका |

| | | | |
|---|---|---|---|
| | सक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गर्ने<br>- हाट बजार संचालन<br>- उद्यमशिलता विकास<br>- औद्योगिक ग्राम<br>- फोहोर प्रशोधन केन्द्र<br>- स्थानीय पूर्वाधार सेवाहरु | सम्म | |
| २७. | नगरपालिका क्षेत्रभित्र पर्यटकीय पूर्वाधार बिकास सहित होमस्टे, रिसोर्ट सञ्चालनका लागि निजी क्षेत्र, सहकारी संस्थासंग सहकार्य गर्ने | २०७९ साउन देखि नियमित | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, नगरकार्यपालिका |
| २८. | व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, प्राविधिक शिक्षालय, अस्पताल, फोहोर संकलन केन्द्र, चिस्यान केन्द्र, सार्वजनिक शौचालय जस्ता भौतिक पूर्वाधार बिकासमा सार्वजनिक निजी साझेदारी मोडेलमा निर्माण, संचालन तथा हस्तान्तरण, लिज, सेवा करार, व्यवस्थापन करार जस्ता बिधि पद्धति मार्फत राजस्व सुधार कार्यक्रम संचालन गर्ने | २०७९ साउन देखि नियमित | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिका |

## ४.३ राजस्व प्रशासन सुधार योजना तर्जुमा

यस अन्तर्गत नगरपालिकाको राजस्व नीति, कार्यक्रम, संगठनात्मक संरचना, प्रशासनिक संयन्त्र, जनशक्ति विकास तथा व्यवस्था एवं प्रविधिको प्रयोग जस्ता पक्षहरु रहेका छन् । उपरोक्त कार्यका लागि नगरपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

क) उद्देश्य :

नगरपालिकाको राजस्व प्रशासनलाई सक्षम, सवल, प्रभावकारी, पारदर्शि एवं प्रविधियुक्त वनाउनु ।

**ख) रणनीति**

१. नगरपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तय गर्ने ।
२. राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि वनाउने ।
३. राजस्व प्रशासनलाई प्रविधियुक्त वनाउने ।

**ग) कार्यनीतिहरु**

**रणनीति १ को नगरपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तयगर्ने अन्तर्गका कार्यनीतिहरु**

१. राजस्व सुधार एवं परिचालनका लागि नगरपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित मध्यकालीन नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
२. मध्यकालीन नीतिका आधारमा वार्षिक कार्यक्रम तयार पारी कार्यान्वयनमा ल्याइने छ ।

**रणनीति २ को राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व शाखामा अधिकृत, प्राविधिक कर्मचारी (आइटी) सहित आवश्यक कर्मचारी कार्यपालिका व्यवस्था गरिनेछ ।

२. वडा कार्यालयवाट राजस्व सङकलन गर्ने अलगै इकाइ स्थापना गरी आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ ।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई कियाशील वनाइनेछ ।

४. नागरिकहरुको अचल सम्पत्ति मूल्यांकनका लागि प्राविधिकहरु समेत रहने गरी नगरपालिका स्तरीय सम्पत्ति मूल्यांकन समिति गठन गरिनेछ ।

५. नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

६. राजस्व प्रशासनका विधि प्रक्रिया, ऐन, नियम तथा कार्यविधि एवं नीति कार्यक्रम वारे जनप्रतिनिधि एवं करदाताहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

७. सम्भावित करदाता, स्थानीय समुदायलाई कर सम्वन्धी कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

८. नगरपालिकाको आय व्यय विवरण अद्यावधिक गर्दै वेवसाइडमा अपलोड गरिनेछ ।

**रणनीति ३ को राजस्व प्रशासनलाई प्रविधियुक्त वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व शाखा एवं वडा कार्यालयमा समेत कम्प्युटर प्रणाली आइसिटि प्रयोगमा ल्याइनेछ ।

२. वडा कार्यालयहरु सहित कार्यपालिकामा तिव्रगतिको इण्टरनेट जडान गरिनेछ ।

३. राजस्व सम्वन्धी कार्यका लागि अनलाइन सेवा प्रदान गरिनेछ ।

४. वित्तीय संस्थाहरुसंग सहकार्य गरी वैकिङ्ग प्रक्रिया मार्फत राजस्व सङ्कलन गर्ने र कम्प्युटर प्रिण्टेड विजक जारी गरिनेछ ।

५. मोवाइल एप्सको विकास गरी राजस्व सम्वन्धी जानकारी करदाताहरुलाई गराइने छ ।

**घ) राजस्व प्रशासन सुधार कार्ययोजना**

तालिका नम्वर १३
राजस्व प्रशासन सुधार कार्ययोजना

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मोवारी |
|---|---|---|---|
| क) | **संगठानिक स्वरुप तथा संस्थागत क्षमता** | | |
| २९. | राजस्व शाखामा राजस्व सम्बन्धी सम्पुर्ण दस्तावेज तथा तथ्यांकको अभिलेख राख्ने | नियमित | राजस्व उपशाखा |
| ३०. | राजस्व शाखामा कर्मचारीको व्यवस्था गर्ने | २०७९ असोज मसान्त सम्म | कार्यपालिका |
| ३१. | राजस्व प्रशासनका कर्मचारी (वडा सचिव समेत)लाई क्षमता तालिम व्यवस्था गर्ने | २०७९ मंसिर सम्म | प्रमुम प्रशासकीय अधिकृत |
| ३२. | राजस्व असुलीमा प्रयोग हुँदै आएको कम्प्युटर सफ्टवेयरमा आवश्यक सुधार गर्ने । | २०७९ कार्तिक मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| ३३. | वडा सचिवहरुको बैठक नियमित (कम्तिमा त्रैमासिक) राखी राजस्व असुलीको अवस्था, भोगेका समस्या तथा एकरुपता ल्याउन छलफल गर्ने | त्रैमासिक | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| ख) | **कानूनी तथा नीतिगत व्यवस्था** | | |
| ३४. | आवश्यक ऐन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने | २०७९ जेष्ठ मसान्त सम्म | राजस्व परामर्श समिति नगरसभा |
| ३५. | राजस्व नीति सामर्थ्यमा आधारित तथा करदातामैत्री | २०७९ साउन | कार्यपालिका |

| | | | |
|---|---|---|---|
| | बनाउने | | |
| **ग)** | **समन्वय, अनुगमन र समीक्षा** | | |
| ३६. | राजस्वसंग सम्बन्धित सरोकारवालाहरु संग नियमित समन्वय तथा छलफल गर्ने | अर्ध वार्षिक | राजस्व शाखा |
| ३७. | स्थानीय राजस्व परामर्श समितिको बैठक नियमित बसी राजस्व संकलन प्रगतिको समीक्षा गरी सुधारका कदम चाल्ने | त्रैमासिक | राजस्व शाखा |
| **घ)** | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन गर्ने** | | |
| ३८. | कार्ययोजनामा उल्लेख भएका कृयाकलापहरुको कार्यान्वयन गर्ने । कृयाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्न आवश्यक बजेटको व्यवस्था गर्ने | २०७९ साउन देखि नियमित | राजस्व शाखा प्रमुख प्रशासकीय अधिकृत |
| ३९. | आवधिक रुपमा अनुगमन तथा मुल्यांकन गर्ने । कृयाकलापहरुमा आवश्यक परिमार्जन गर्दै जाने | २०७९ साउन देखि नियमित | राजस्व शाखा प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद - पाँच :
# त्रिवर्षीय राजस्व प्रक्षेपण

## राजस्व प्रक्षेपण

नगरपालिकाको आगामी आर्थिक वर्षहरु २०७९/८० देखि २०८१/८२) का लागि राजस्व प्रक्षेपण गरिएको छ। राजस्व प्रक्षेपण राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको हो । आय प्रक्षेपण गर्दा भविष्यमा आयका आधारको दायरा तथा दर बढ्न गई सोबाट हुनसक्ने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरी केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ। आय प्रक्षेपणका आधारहरुलाई शिर्षकगत रुपमा तल व्याख्या गरिएको छ।

## ५.१ राजस्व प्रक्षेपणको आधार

तालिका नम्वर १४
राजस्व प्रक्षेपणका आधारहरु

| क.सं. | राजस्व शिर्षक | प्रक्षेपणको आधार |
|---|---|---|
| क) | **आन्तरिक आय तर्फ** | |
| १. | सम्पत्ति कर | घरधुरीको आधारमा सम्पत्ति कर निर्धारण गरिएको छ। यस अन्तर्गत हरेक ३ घरमा २ जना सम्पत्ति कर प्रयोजनका लागि करदाता हुन सक्ने अनुमानका आधारमा । |
| २. | घरजग्गा बहाल कर | हरेक वर्ष २० प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ३. | व्यवसाय कर | आव २०७९/८० मा रु.७२ लाख २२ हजार कर संकलन हुन सक्ने र सो पश्चात २० प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ४. | सवारी साधन कर | हरेक वर्ष १५ प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ५. | विज्ञापन कर | हरेक वर्ष १५ प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ६. | घरनक्सा पास | आव २०७९/८० मा ५० प्रतिशत र सो पश्चातका वर्षहरुमा क्रमशः २० प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ७. | सिफारिस, प्रमाणित एवं सेवा शुल्क | आव २०७९/८० मा २५ प्रतिशत र सो पश्चातका वर्षहरुमा क्रमशः १० प्रतिशतका आधारमा वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ८. | स्थानीय पूर्वाधार सेवा उपयोग | खासगरी स्थानीय सडक उपयोग गरे वापत आव २०७९/८९ मा रु.१० लाख र सो पश्चात हरेक वर्ष १५ प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ९. | प्राकृतिक श्रोत ढुङ्गा, वालुवा गिट्टी | आव २०७९/८० मा रु.१५ लाख र सो पश्चातका वर्षहरुमा २० प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| १०. | हाटवजार संचालन | आव २०७९/८० मा रु ८ लाख र सो पश्चातका वर्षहरुमा १५ प्रतिशत का दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ११. | दण्ड जरिवाना | हरेक वर्ष १० प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| **ख** | **वाह्य श्रोत** | |
| १२. | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण, राजस्व वाँडफाँड | हरेक वर्ष ५ प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| १३. | प्रदेश सरकार : वित्तीय समानीकरण, राजस्व वाँडफाँड | हरेक वर्ष ५ प्रतिशतका दरले वृद्धि हुने अनुमान |

## ५.२ त्रिवर्षीय राजस्व प्रक्षेपण

**क) आन्तरिक आयको प्रक्षेपण** : आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण निम्न अनुसार छ ।

तालिका नम्बर १५
त्रिवर्षीय राजस्व प्रक्षेपण : आन्तरिक आय

| क.सं. | आय शिर्षक | आधार वर्ष २०७७/७८ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| क) | कर राजस्व | | | | |
| १ | मालपोत वा भूमिकर | १,४३५,२९९ | - | - | - |
| २ | सम्पत्ति कर | २,०१४,२०९ | १४,१११,७०१ | १४,१११,७०१ | १४,१११,७०१ |
| ३ | व्यवसाय कर | २,१८४,९१२ | ७२२२९१२ | ८६६७४९४ | १०४००९९३ |
| ४ | घरजग्गा बहाल कर | ६५२,२९४ | १४१५१९६.८ | १६९८२३६ | २०३७८८३ |
| ५ | सवारी साधान कर | ० | ३००,००० | ३४५००० | ३९६७५० |
| ६ | विज्ञापन कर | ० | ५००,००० | ५७५००० | ६६१२५० |
| | **जम्मा कर राजस्व** | **६,२८६,७१४** | **२३,५४९,८०९** | **२५,३९७,४३१** | **२७,६०८,५७७** |
| ख) | **गैरकर राजस्व** | | | | |
| १ | नक्सापास दस्तुर | १,६८०,६९३ | २५२१०४० | ३०२५२४७ | ३६३०२९७ |
| २ | सिफारिस, प्रमाणित एवं सेवा दस्तुर | २,१३३,८२१ | २६६७२७६ | २९३४००४ | ३२२७४०४ |
| ३ | स्थानीय पूर्वाधार सेवा उपयोग शुल्क | ० | १,०००,००० | ११५०००० | १३२२५०० |
| ४ | प्राकृतिक श्रोत ढुंगा, वालुवा गिटी | ० | १,५००,००० | १८००००० | २१६०००० |
| ५ | हाटवजार संचालन | ० | ८००,००० | ९२०००० | १०५८००० |
| ६ | दण्ड जरिवाना | ० | १००,००० | ११०००० | १२१००० |
| ७ | विविध आय | ० | ५००,००० | ६००००० | ७२०००० |
| | **जम्मा गैर कर राजस्व** | **३,८१४,५१४** | **९,०८८,३१६** | **१०,५३९,२५१** | **१२,२३९,२०१** |
| | **जम्मा आन्तरिक आय** | **१०,१०१,२२८** | **३२,६३८,१२५** | **३५,९३६,६८२** | **३९,८४७,७७८** |

**ख) वाह्य श्रोतको अनुमान** :

तालिका नम्बर १६
त्रिवर्षीय राजस्व प्रक्षेपण : वाह्य श्रोत

| क.सं. | श्रोतहरु | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| | संघ : सशर्त | ३४७,५३१,९७३ | ३६४,९०८,५७२ | ३८३,१५४,००० | ४०२,३११,७०० |
| | प्रदेश : सशर्त | २,५००,००० | २,६२५,००० | २,७५६,२५० | २,८९४,०६३ |
| | संघ : समानीकरण | ११५,२००,००० | १२०,९६०,००० | १२७,००८,००० | १३३,३५८,४०० |
| | प्रदेश : समानीकरण | १२,३१०,००० | १२,९२५,५०० | १३,५७१,७७५ | १४,२५०,३६४ |
| | संघ : समपूरक | २,५३९,००० | २,६६५,९५० | २,७९९,२४८ | २,९३९,२१० |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रदेश : समपूरक | – | १,५००,००० | १,५७५,००० | १,६५३,७५० |
| | संघ : विशेष अनुदान | ९,२९०,००० | ९,७५४,५०० | १०,२४२,२२५ | १०,७५४,३३६ |
| | प्रदेश : विशेष अनुदान | २,५००,००० | २,६२५,००० | २,७५६,२५० | २,८९४,०६३ |
| | संघ : राजस्व बाँडफाँड | – | १२०,०००,००० | १२६,०००,००० | १३२,३००,००० |
| | प्रदेश : राजस्व बाँडफाँड | ५८१,०८० | ६१०,१३४ | ६४०,६४१ | ६७२,६७३ |
| | **जम्मा** | **४९२,४५२,०५३** | **६३८,५७४,६५६** | **६७०,५०३,३८८** | **७०४,०२८,५५८** |

## ग) आन्तरिक आय र वाह्य आय संक्षिप्त प्रक्षेपण :

| त्रिवर्षीय राजस्व प्रक्षेपण : आन्तरिक र वाह्य श्रोत<br>तालिका नम्वर १७ | | | | | |
|---|---|---|---|---|---|
| क.सं. | श्रोतहरु | आर्थिक वर्ष | | | |
| | | आधार वर्ष २०७७/७८ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| | जम्मा आन्तरिक आय | १०,१०१,२२८ | ३२,६३८,१२५ | ३५,९३६,६८२ | ३९,८४७,७७८ |
| | जम्मा वाह्य श्रोत | ४९२,४५२,०५३ | ६३८,५७४,६५६ | ६७०,५०३,३८८ | ७०४,०२८,५५८ |
| | **जम्मा : आन्तरिक र वाह्य** | **५०२,५५३,२८१** | **६७१,२१२,७८१** | **७०६,४४०,०७१** | **७४३,८७६,३३६** |

# परिच्छेद - छ :
# कार्यान्वयन तथा अनुगमन र मूल्यांकन

## ६.१ कार्ययोजनाको कार्यान्वयन

सहभागितात्मक पद्दति अपनाई तर्जुमा गरिएको यस राजस्व सुधार कार्ययोजना कार्यान्वयनको लागि नगरपालिकाले राजस्व सुधारसंग सम्बन्धित नीति, रणनीति, उद्देश्य अनुरुप माथि कार्ययोजना खण्डमा उल्लेख गरिएका कार्यक्रम तथा क्रियाकलापहरुको लागि आवश्यक खर्चलाई बिनियोजन वजेटमा समावेश गरी कार्यान्वयन गर्न आवश्यक छ । कार्ययोजनामा उल्लेख भएका कार्यक्रम तथा क्रियाकलापहरु सम्पादन हुन नसकेमा त्यसले प्रक्षेपण गरिए बमोजिम आय संकलनमा प्रभाव पार्न सक्दछ । यसका अतिरिक्त राजस्व सुधार कार्ययोजनाका निश्चित कार्य गर्न अन्य सहयोगी निकाय तथा परियोजनाहरुवाट पनि सहयोग लिन सकिन्छ ।

नगरपालिकालाई प्राप्त राजस्व अधिकारहरु मध्ये कतिपय अधिकारहरु विगतको तुलनामा निकै फरक भएकाले राजस्व व्यवस्थापनलाई त्यस अनुरुप सुधार गर्नुपर्ने देखिन्छ । तसर्थ राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु आवश्यक छ ।

## ६.२ कार्ययोजनाको अनुगमन तथा मूल्यांकन

स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार गठन भएको राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी अन्तरिक आम्दानीका स्रोतहरु अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिलाई आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । यो राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कनको लागि निम्न चार तहको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सिफारिस गरिएको छ ।

### (क) कार्यालय स्तरको अनुगमन

अनुगमन तथा मूल्यांकनको लागि प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा/शाखा तथा अन्य सम्बन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार बनाउनु पर्दछ । स्थानीय सरकारले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्ने तर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

### (ख) राजस्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकन

राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षको लागि आयको अनुमान गर्ने कार्य पूर्व भएका गरेका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारको लागि कृयाकलाप सिफारिस गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु उपयुक्त हुन्छ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजस्व सुधार योजनाको समीक्षा गरिनु आवश्यक छ ।

### (ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकन

कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिबाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजस्व सुधार कार्ययोजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यकताको आधारमा नीतिगत तथा कार्यगत निर्णय लिनु आवश्यक छ ।

### (घ) वाह्य अनुगमन तथा मूल्याङ्कन

राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्ने चाहने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरु आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन् । यस्तो अनुगमन प्रणालिको स्थापनाले स्थानीय सरकारको अनुगमन तथा

प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसंग सम्बन्धित तथ्याङ्क बाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरुको भावना तथा बिचार सङ्कलन पनि अनुगमनको मुख्य विधि बनाउन सकिन्छ ।